सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ चैत २०८०, शनिबार (6 April 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन् नयाँ

आठ दशकअघिको देशको स्वास्थ्य



संस्मरण

डा. गौरीशंकर लाल दास

त्यसवेला प्रभावकारी औषधि थिएन । बिरामीलाई अक्सिजन प्राप्त होस् भनेर शान्त, स्वच्छ, हरियाली, हावा चल्ने, घाम लाग्ने ठाउँमा बिरामी राख्ने निवास बनाइएको थियो ।

फोटो कथा

संजित परियार

सुन्दर, शान्त रारा



फिल्म बनाउनेसँग बुद्धि हुँदैन भन्ने लाग्थ्यो, होइन रहेछ



आत्मसमीक्षा

रवीन्द्रसिंह बानियाँ, चलचित्रकर्मी



समृद्धिको उत्खनन

०७२ को नाकाबन्दीपछि तीव्रता पाएको पेट्रोलियम खानी उत्खननको काम नतिजाउन्मुख, दैलेखको जमिनमुनि पेट्रोलियम रहेको पुष्टि भए पाल्पा, सल्यान, अर्घाखाँचीलगायतका स्थानमा समेत खोजीकार्य सुरु गर्ने सरकारको योजना

चीनको अढाई अर्बभन्दा बढी लगानी, नेपालको एक करोड, आगामी १६ चैतसम्म म्याद थप

दैलेखमा **विष्णु शर्मा**

०७२ को नाकाबन्दीपछि चर्चामा रहेका पेट्रोलियम पदार्थका खानीको अन्वेषण र उत्खननको काम नतिजाउन्मुख चरणमा प्रवेश गरेको छ । दैलेखको जलजलेमा ड्रिलिङ गरेर पेट्रोलियम पदार्थ उत्खनन गर्न उच्च प्रविधिसहितका आवश्यक उपकरण पुऱ्याउने काम भइरहेको छ । चार हजारदेखि चार हजार पाँच सय मिटर गहिरो ड्रिल गरेर अन्तिम अन्वेषण गरिनेछ ।

हाल पेट्रोलियम पदार्थ उत्खनन स्थलमा ड्रिलिङ गर्ने ६ मिटर चौडाइ, १५ मिटर लम्बाइ र ६० टन वजन भएका ठूला मेसिन लैजाने क्रम जारी छ । कतिपय ठाउँमा साँघुरो सडकका कारण ठूला ट्रक लैजान कठिनाइ भइरहेको छ ।

अहिलेसम्म साना मेसिन र बन्दोबस्तीलगायत सामानसहितका ४५ ट्रक अन्वेषणस्थल जलजले पुगेका छन् । रुपैडियाबाट एक सय ५० भन्दा बढी ट्रक छुटेकामा बाँकी पुदै छन् ।

चाइना जियोलजिकल सर्भेको आर्थिक तथा प्राविधिक सहयोगमा दैलेखमा पेट्रोलियम अन्वेषण गर्ने काम भइरहेको हो । चीनको चाइना पेट्रोलियम कर्पोरेसन पेट्रोल अन्वेषण र उत्खनन गर्ने विश्वकै सबैभन्दा ठूलो संस्था मानिन्छ ।

दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणका लागि आर्थिक तथा प्राविधिक सहयोग गरिरहेको चिनियाँ पक्ष 'चाइना जियोलोजिकल सर्भे' र खानी तथा भूगर्भ विभागको 'पेट्रोलियम अन्वेषण प्रवर्द्धन परियोजना'का प्राविधिकले चैत तेस्रो साताबाट ड्रिलिङ थाल्ने योजना बनाएका थिए । तर, भन्सारमा सामान अड्किने र फराकिलो बाटोको अभावमा मेसिनरी ढुवानीमा कठिनाइ हुँदा

» पृष्ठ २ मा क्रमशः

■ उत्खनन स्थल पुगे ४५ ट्रक



ड्रिलिङ गरेर पेट्रोलियम पदार्थ उत्खनन गरिने दैलेखको जलजले । पेट्रोलियम पदार्थ उत्खनन स्थलमा ड्रिलिङ गर्ने ६ मिटर चौडाइ, १५ मिटर लम्बाइ र ६० टन वजन भएका ठूला मेसिन लैजाने क्रम जारी छ । अहिलेसम्म साना मेसिन र बन्दोबस्तीलगायत सामानसहितका ४५ ट्रक अन्वेषणस्थल जलजले पुगेका छन् । जलजले पुगिसकेका ट्रकबाट सामान अनलोड गर्ने काम चल्दै छ । कतिपय ठाउँमा साँघुरो सडकका कारण ठूला ट्रक लैजान कठिनाइ भइरहेको थियो । ट्रक पास गर्ने क्रममा सडकको भूगोल नमिलेका कारण कर्णाली राजमार्गको पादुका खोलानजिक एउटा ट्रक दुर्घटनामा परेको थियो । चाइना जियोलजिकल सर्भे र खानी तथा भूगर्भ विभागका प्राविधिकहरू उत्खननस्थलमै छन् ।

चार-पाँच महिनाभित्रै दैलेखमा के-कति परिमाणमा पेट्रोलियम छ भन्ने यकिन हुनेछ

● **रामप्रसाद घिमिरे**
महानिर्देशक, खानी तथा भूगर्भ विभाग



दैलेखका खोलामाथि पेट्रोलियम पदार्थ तैरिएको, मन्दिरमा ग्यास बलिरहेकोलगायतबाट त्यहाँ पेट्रोलियम पदार्थ रहेको अनुमान गरिएको थियो । विभागले चार दशकदेखि पेट्रोलियमको अन्वेषण गर्दै आएको छ । प्राविधिक जनशक्ति र उपकरण अभावले अन्वेषणले गति लिन सकेको थिएन ।

०७२ मा नेपाल र चीनबीच अन्वेषणमा सघाउने द्विपक्षीय समझदारी भयो । सन् २०१९ मा खानी विभाग र चाइना जियोलोजिकल सर्भेबीच अन्वेषणका लागि सम्झौता भयो । त्यसपछि अन्वेषणको प्रारम्भिक काम सुरु भए पनि कोभिड- १९ का कारण रोकियो ।

कोभिडपछि करिब दुई वर्षयता चिनियाँ र नेपाली टोलीले दैलेखमा गरेको प्रारम्भिक अन्वेषणबाट त्यहाँ पेट्रोलियम पदार्थ रहेको पुष्टि भइसकेको छ । त्यहाँ गरिएको सामान्य ड्रिल, सर्भे र त्यहाँको ढुंगालाई चिनियाँ ल्याबमा लगेर गरेको परीक्षणबाट दैलेखका शिरीस्थान, नाभीस्थान, धुलेश्वर र पादुका क्षेत्रमा पेट्रोलियम पदार्थ छ भन्ने पुष्टि भइसकेको छ ।

अहिले फाइनल ड्रिल गर्न चीनबाट मेसिनरी एवं उपकरण आइरहेको छ । अब चार हजारदेखि चार हजार पाँच सय मिटर गहिरो ड्रिल गरेर अन्तिम अन्वेषण गरिनेछ । त्यसबाट त्यस क्षेत्रमा के-कति परिमाणमा पेट्रोलियम पदार्थ छ भन्ने यकिन हुनेछ । करिब दुई साताभित्रै सम्पूर्ण मेसिनरी एवं उपकरण दैलेख पुगेर ड्रिलिङ सुरु हुने अपेक्षा छ । ड्रिलिङ सुरु भएको चार महिनामा खनेर सकिनेछ । त्यहाँबाट ग्यास एवं ऋुड आयल निस्कनेछ । त्यसपछि परिमाण र गुणस्तर यकिन गरेर उत्खननका प्रक्रिया सुरु हुनेछन् ।

रुसी सेनामा कार्यरत नेपालीका परिवारजनले गृहमन्त्रीलाई बुझाए ज्ञापनपत्र

रुसमा रहेका नेपालीको उद्धार गरिदिन माग



काठमाडौं/ रुसी सेनामा कार्यरत नेपालीका परिवारजनले हालसम्म ३९ जनाको मृत्यु भएको र थप १८ जनाको मृत्यु पुष्टि हुन बाँकी रहेको दाबी गरेका छन् । रुसी सेनामा आबद्ध नेपालीको जीवनरक्षार्थ अभियानका तर्फबाट शुक्रबार उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेलाई बुझाइएको ज्ञापनपत्रमा रुसमा रहेकाहरूको जीवनरक्षा तथा उद्धार गर्न माग गरिएको छ ।

» पृष्ठ २ मा क्रमशः

■ लुम्बिनीमा अन्तर्राष्ट्रिय शान्ति महोत्सव



भैरहवामा **दिपेश पछाई**

गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा दुईदिने 'लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव' शुक्रबारदेखि सुरु भएको छ । अन्तर्राष्ट्रिय ध्यान दिवसको अवसर पारेर आयोजना गरिएको महोत्सवको उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले उद्घाटन गरेका थिए । सो अवसरमा उनले ध्यानको माध्यमबाट सामाजिक रूपान्तरण गर्नुपर्ने र लुम्बिनीलाई ध्यानको पनि केन्द्र बनाउनुपर्ने बताए । नेपालका लागि चिनियाँ राजदूत चेन सोङले नेपालले अन्तर्राष्ट्रिय ध्यान दिवस मनाउने प्रस्ताव संयुक्त राष्ट्रसंघमा लगे चीनले समर्थन गर्ने बताए । उनले लुम्बिनीलाई ध्यानको राजधानी बनाउन सुझाव दिए । शनिबार बिहान लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथन गरिने नेपाल ओलम्पिक कमिटीका अध्यक्ष एव पूर्वमन्त्री जीवनराम श्रेष्ठले बताए । शनिबार साँझ लुम्बिनी शान्ति कन्सर्ट हुनेछ । महोत्सव नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास, लुम्बिनी विकास कोष र प्रदेश खेलकुद परिषद् लुम्बिनीको आयोजना तथा लुम्बिनी होटेल संघलगायत संघसंस्थाको सहआयोजनामा आयोजना गरिएको हो ।

■ उपनिर्वाचन

इलाममा १४९ र बझाङमा ९३ मतदान केन्द्र

काठमाडौं/ इलाम २ र बझाङ प्रदेश सभा (१) मा १५ वैशाखमा हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगले मतदान स्थल र केन्द्र तोकेको छ । प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार इलाम २ मा ७९ मतदान स्थल र १४९ मतदान केन्द्र तय गरिएको छ । बझाङ प्रदेश (१) मा ७४ मतदान स्थल र ९३ मतदान केन्द्र स्वीकृत भएको छ । आयोगले देशभरमा १० हजार ८९२ मतदान स्थल स्वीकृत गरेको छ । आयोगको अद्यावधिक मतदाता नामावलीअनुसार इलाम २ मा १ लाख १५ हजार ८८९ र बझाङ प्रदेश १ मा ६१ हजार ७४८ मतदाता छन् ।

■ अपराधको ट्रान्जिट काठमाडौं

अपहरणमा परेका ६ श्रीलंकनको उद्धार, मानव तस्करीमा संलग्न चार पाकिस्तानी पक्राउ

नयाँ पत्रिका



अरिफ मासी



मलिक अब्दुल हमिद



साहेद तनभिर



जुबेर अहमद

मानव तस्करीमा संलग्न पाकिस्तानी र श्रीलंकन गिरोहले काठमाडौंलाई अपराधको ट्रान्जिट बनाएका छन् । क्यानडा जाने सपनामा नेपाल आएका ६ जना श्रीलंकन नागरिक यही गिरोहका सदस्यबाट काठमाडौंमा अपहरणमा परेका छन् ।

मानव तस्करीमा संलग्न पाकिस्तानी र श्रीलंकन गिरोहले उनीहरूलाई बन्धक बनाएर फिरौती पनि असुलेको छ । गिरोहका सदस्यहरूले नयाँ बसपार्कको राजारानी होटेलमा चारजना तथा ठमेलको श्री सिस्टर होटेलमा दुई श्रीलंकनलाई बन्धक बनाएका थिए ।

प्रहरीले अपहरणमा परेकाको बिहीबार उद्धार गरी चारजना पाकिस्तानीलाई पक्राउ गरेको हो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पाकिस्तानी नागरिकहरू जुबेर अहमद, साहेद तनभिर, मलिक अब्दुल हमिद र अरिफ मासीलाई पक्राउ गरेको हो ।

यसमा श्रीलंकन नागरिकसमेत संलग्न रहेको र उनी भने यसअघि नै श्रीलंका गइसकेको अपराध अनुसन्धान कार्यालयका डिएसपी अनिल घिमिरेले बताए । उनीहरूलाई क्यानडा पठाउने भन्दै सुरुमा श्रीलंकन एजेन्टले नै नेपाल ल्याएका थिए ।

क्यानडाको नक्कली भिसासमेत देखाइएको थियो । पछि क्यानडा जान थप पैसा चाहिने भन्दै बन्धक बनाएर फिरौती मागिएको थियो । प्रहरीले सूचना पाएपछि होटेलमा छापा हानी उनीहरूलाई पक्राउ गरेको हो । मानव तस्करीमा संलग्न श्रीलंकन र पाकिस्तानी समूह मिलेर काठमाडौंमा यसरी अपहरण भएको हो ।

पक्राउ परेका पाकिस्तानीमध्ये एकजना अवैध रूपमा बस्दै आएको खुलेको छ । उनीहरू लामो समयदेखि नेपालमा बस्दै आएको र अन्य श्रीलंकनलाई पनि विगतमा यसैगरी

» पृष्ठ २ मा क्रमशः

तीन महिनाअघि १३ जना भारतीयलाई भारतीयले नै अमेरिका लैजाने भन्दै नेपाल ल्याएर अपहरण गरेका थिए । विगतमा पाकिस्तानी नागरिकलाई समेत यसैगरी युरोप, अमेरिका जाने सपनामा नेपाल ल्याई अपहरण गर्ने गरिएको थियो ।

■ विदेशी लगानीकर्तालक्षित २१ परियोजना तयार

आठ खर्ब ९१ अर्ब १५ करोड अनुमानित लागत



● **प्रद्युम्नप्रसाद उपाध्याय**
सहसचिव, लगानी बोर्ड

हामी अझै पनि प्रस्तावित अन्य आयोजनाको मूल्यांकन तथा वर्गीकरण गरिरहेका छौं । तसर्थ, यो संख्या थप बढ्न सक्छ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

आगामी १६ र १७ वैशाखका लागि तय भएको लगानी सम्मेलनमा २१ परियोजनाको विकास निर्माणका लागि आशयपत्र नै आह्वान गरिने भएको छ । लगानी जुटेको अवस्थामा तत्काल निर्माणमा जान सक्ने (रेडी टु गो) अवस्थाका उक्त २१ परियोजनामा विदेशी लगानीकर्ता आकर्षण गर्ने सरकारी योजना छ ।

तेस्रोपटक हुन लागेको लगानी सम्मेलनमा प्रस्तुत गर्न हालसम्म एक सय ३२ आयोजनाको मूल्यांकन भइरहेको छ । त्यसमध्ये २१ आयोजनामा आशयपत्र नै आह्वान गर्न सकिने भएकाले तयार अवस्थामा राखिएको लगानी बोर्डका सहसचिव प्रद्युम्नप्रसाद उपाध्यायले

» पृष्ठ २ मा क्रमशः

परियोजना	लागत रु.
खिम्ती-थोसे शिवालय स्टोरेज जलविद्युत् (१२१६ मेगावाट)	२ खर्ब ३१ अर्ब
काठमाडौं-चितवन द्रुतमार्ग	२ खर्ब २१ अर्ब
कालीगण्डकी दोम्रो जलायशयुक्त जलविद्युत् (६५० मेगावाट)	१ खर्ब ३३ अर्ब २१ करोड ३० लाख
नौमुरे बहुउद्देश्य जलविद्युत् आयोजना (२१८ मेगावाट)	९२ अर्ब
भारभुङ स्टोरेज जलविद्युत् (३७७.१ मेगावाट)	८० अर्ब १२ करोड
सुदूरपश्चिम सार्वजनिक यातायात परियोजना	३१ अर्ब १३ करोड
कर्णाली चिसापानी वायु ऊर्जा (१० मेगावाट)	१४ अर्ब ७३ करोड
हुम्ला कर्णाली जलविद्युत् (६१.०२ मेगावाट)	१४ अर्ब ७० करोड
धुलिखेल मेडिसिटी प्रोजेक्ट	११ अर्ब
बबरमहल प्रशासनिक प्लाजा	१० अर्ब २० करोड
टोम डोगर बुढीगण्डकी जलविद्युत् (४०.०२ मेगावाट)	९ अर्ब ८० करोड ४० लाख
दाइजी औद्योगिक क्षेत्र	८ अर्ब ६२ करोड ८० लाख
सुपर बुढीगण्डकी जलविद्युत् (३४.९३ मेगावाट)	७ अर्ब ३४ करोड
खप्तड राष्ट्रिय निकुञ्ज, केबलकार, रिसोर्ट, ट्रेल सुधार	६ अर्ब ९० करोड ९० लाख
कबाडी खोला जलविद्युत् (३० मेगावाट)	६ अर्ब ४१ करोड
पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र	३ अर्ब ७१ करोड ६० लाख
महादेव खोला जलाशययुक्त सिँचाइ आयोजना	२ अर्ब ४५ करोड
जानकी हेरिटेज होटेल	२ अर्ब ३५ करोड
माथिल्लो चमेलिया जलविद्युत् (५३.८५ मेगावाट)	१ अर्ब ९० करोड
पाँचखाल विशेष आर्थिक क्षेत्र	१ अर्ब ५७ करोड
हाई एन्ड रिसोर्ट	९८ करोड



एक खर्ब ७४ अर्ब ४९ करोडबराबरका चार परियोजना कार्यान्वयनका लागि अन्तिम सम्झौता गर्ने पक्का

सम्मेलनमा चार परियोजनाको विकासका लागि अन्तिम सम्झौता नै हुँदै छ । डाबर नेपालसँग थप लगानी सम्झौता हुँदै छ । डाबर नेपालले क्षमता विस्तार परियोजनामा भारतबाट नौ अर्ब ६८ करोड ६३ लाख रुपैयाँ लगानी ल्याउँदै छ । यसैगरी, ३२७ मेगावाट अपर मर्स्याङ्दी-२, चीन-नेपाल मैत्री औद्योगिक पार्क र ब्याट्री स्टोरेज प्लान्टसहितको २५० मेगावाटको सोलार प्लान्टको भने परियोजना विकास सम्झौता (पिडिए) गर्ने तयारी गरिएको हो । लमजुङ र मनाङमा बन्ने ३२७ मेगावाटको अपर मर्स्याङ्दी-२ मा ७८ अर्ब ३० करोड ६४ लाख रुपैयाँ, दमकको औद्योगिक पार्कमा ६४ अर्ब ९० करोड रुपैयाँ र बाँके तथा कपिलवस्तुमा बन्ने समान १२५ मेगावाटको सोलार प्लान्ट परियोजनामा २१ अर्ब ६० करोड रुपैयाँ विदेशी लगानी आउँदै छ । यसरी लगानी सम्मेलनमा एक खर्ब ७४ अर्ब ४९ करोडबराबरका चार परियोजना कार्यान्वयनका लागि अन्तिम सम्झौता गर्ने पक्का भइसकेको छ ।

रुसमा रहेका...

पृष्ठ १ बाट क्रमशः

'नेपालीको जीवनरक्षार्थ अभियानका तर्फबाट हालसम्म हामीले ६ सय २० जनाको विवरण संकलन गरेका छौं । जसमध्ये ३९ जना मृतक, १८ जना मृत्यु भएको भनिएका, तर पुष्टि हुन बाँकी, पाँचजना युक्रेनको कब्जामा, एक सय १७ जना घाइते, दुई सय ७२ जना सम्पर्कविहीन छन्,' अभियानकी संयोजक एकीकृत समाजवादीकी नेतृ कृतु भण्डारीद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा छ ।

उनका अनुसार रुसी सेनामा करार सम्झौता रद्द गरेका नौजना, रुसी राहदानीका लागि आवेदन दिएका ११ जना, रुसी राहदानी नलिने कागजातमा हस्ताक्षर गरेका १९ जना र बाँकी व्यक्ति सम्पर्कमा छन् । '३९ जना नेपालीको मृत्यु भएको विवरण प्राप्त भएको छ । परिवारजनले उनीहरूको काजकिरिया गरिसकेको छ,' भण्डारीले नयाँ पत्रिकासँग भनिन् ।

ज्ञापनपत्रमा भने मृत्यु भएका ३९ जनाको नाम उल्लेख गरिएको छैन । 'परिवारको स्वीकृति लिएर हामी सबैको नाम र तस्बिर छिट्टै सार्वजनिक गर्ने तयारीमा छौं,' भण्डारीले भनिन् ।

रुसमा कार्यरतमध्ये हालसम्म १६ जनाको मृत्यु भएको सरकारले सार्वजनिक गरेको छ । परिवारजनले यसअघि रुसमा ३२ जना नेपालीको मृत्यु भएको बताएका थिए ।

'हामीसँग ह्वाट्सएप ग्रुपमा जोडिएका चार सय २० जना रुसी सेनामा आबद्ध नेपालीले प्रत्येक दिन युद्धमैदानबाट त्यहाँको विवरण, वस्तुस्थिति, श्रव्यदृश्य सामग्री पठाउने गर्नुहुन्छ,' ज्ञापनपत्रमा भनिएको छ, 'विभिन्न माध्यमबाट विवरण संकलन गरिरहँदा रुसी सेनामा आबद्ध नेपालीको मृत्युको खबर अन्यन्तै भयावह र चिन्ताजनक बन्दै गएको छ ।'

रुसी सेनामा कार्यरत रही फर्किएका नेपाली युवाले १४ हजार सात सय नेपाली रहेको दाबी गरेको पनि उल्लेख गरिएको छ । भण्डारीले परिवारका सदस्यलाई उद्धार गरिदिन आग्रह गर्दै हालसम्म कम्तीमा दुई हजार परिवार आफूसँग समन्वयमा रहेको ज्ञापनपत्रमा उल्लेख गरेकी छिन् ।

रुसमा रहेकाहरूको जीवनरक्षा तथा उद्धार गर्न तथा नेपालीलाई गैरकानुनी रूपमा रुस लैजानेहरूमाथि कानुनी कारबाही गर्न परिवारजनले माग गरेका छन् । पीडित परिवार तथा रुसी सेनाबाट फर्किएर आएका नेपाली युवाका अनुसार रुसी नागरिकता प्राप्त हुने, मासिक चार लाखभन्दा बढी कमाइ हुनेलगायतका आवासन दिएर नेपालीलाई बिचौलियाले रुस लैजाने गरेका छन् ।

बिचौलियाहरू अहिले पनि नेपालमै सक्रिय रहेको भन्दै उनीहरूलाई कारबाहीका लागि अभियानले माग गरेको छ । 'उनीहरूले पीडितलाई उद्धार गरिदिन्छु भन्दै परिवारसँग आर्थिक मोलमोलाइ गरिरहेको पाएका छौं । मानव बेचविखन तथा ओसारपसार ब्युरोका अनुसार दोषीउपर कारबाही गर्न विद्यमान कानुन आकर्षित नभएकाले कानुन संशोधनका लागि काम अगाडि बढाइएको छ । तसर्थ, दोषीउपर कारबाही गर्न हामी गृहमन्त्रीज्यू समक्ष जोडदार माग गर्दछौं,' ज्ञापनपत्रमा भनिएको छ ।

रुसी सेनामा कार्यरत रहेर मृत्युवरण गरेका, बेपत्ता भएका र असहज स्थितिबाट गुज्रिरहेका नेपाली नागरिकका परिवारको राहतका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका सबै संयन्त्रलाई परिचालन गराइदिन पनि परिवारजनले माग गरेका छन् । गृहमन्त्री लामिछानेले आफ्नो मन्त्रालयको कार्यक्षेत्रबाट पीडितहरूका लागि सहयोग गर्ने आश्वासन दिएका छन् ।

■ संसदीय समितिमा बहस

सांसद हुँदा विधेयकमा राखेको संशोधन मन्त्री हुँदा के हुन्छ ?

कमलराज भट्ट/नयाँ पत्रिका

सांसद हुँदा विधेयकमा राखेको संशोधन मन्त्री भएर स्वीकार गर्दा स्वार्थको द्वन्द्व हुने कि नहुने भन्नेबारे संसदीय समितिमा बहस चलेको छ । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा शुक्रबार केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलमा यो विषय उठेको हो ।

छलफलमा सहभागी शिक्षामन्त्री सुमना श्रेष्ठले सांसद हुँदा शिक्षासम्बन्धी ऐनका प्रावधानमा संशोधन प्रस्ताव दर्ता गराएकी थिइन् । यसैगरी, हाल कानुनमन्त्री पदम गिरीले पनि विभिन्न मन्त्रालयसँग सम्बन्धित भएर संशोधन हालेका छन् । शिक्षामन्त्री श्रेष्ठको हकमा उनले शिक्षा मन्त्रालयसँग सम्बन्धित ऐनमा राखेको संशोधनका सम्बन्धमा सांसदले प्रश्न उठाएका हुन् । सांसदको प्रश्नपछि यो विषय थप गृहकार्य गरेर टुंग्याउने समझदारी भएको छ ।

कांग्रेस सचेतक सुशीला थिङले सांसद हुँदा राखेको संशोधन मन्त्री भएर स्वीकार गर्दा कन्फ्लिक्ट अफ इन्ट्रेस्ट हुन्छ कि भनेर चासो राखेकी थिइन् । जवाफमा मन्त्री श्रेष्ठले आफूले राखेको संशोधनको पक्षमा आफू अडिग रहेको भन्दै स्वीकार गर्ने वा हटाउने समितिको अधिकार क्षेत्रको विषय भएको बताइन् । 'मैले राखेको संशोधन आवश्यक छ भने अगाडि बढाऊँ । मेरो स्ट्यान्ड उहीं छ । अब आवश्यक छैन भने समितिको निर्णय हो,' उनले भनिन् । संशोधन कसले राख्यो भन्दा कन्टेन्टमा छलफल गरेमा समस्या नहुने उनको भनाइ थियो ।

अझ मन्त्री श्रेष्ठले संशोधन विधेयकमा नआएको कुरा पनि थपेर संशोधनमा जान समितिलाई अनुरोध गरिन् । सरकारले शिक्षासम्बन्धी ऐनको प्रावधान संशोधन गर्न ल्याएको विधेयकमा नसमेटिएको विश्वविद्यालयको कुलपतिबाट प्रधानमन्त्री र सहकुलपतिबाट शिक्षामन्त्री हटाउने प्रावधान समावेश गर्न श्रेष्ठको अनुरोध थियो । तर, एकीकृत समाजवादीका शेरबहादुर कुँवर, माओवादीका पूर्णबहादुर घर्तीले संशोधनमा नआएको विषय समावेश गर्ने अभ्यास नरहेको बताउँदै संसदीय अभ्यास बाहिर जान नसकिने बताए । बरु आवश्यक नै भए नयाँ ऐन ल्याउनुपर्ने बताए ।

मन्त्री श्रेष्ठले त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयको राजनीतीकरण हटाउन यो आवश्यक रहेको जिकिर गरिन् । नयाँ विधेयक ल्याउने प्रक्रियामा जाँदा दुई वर्ष लाग्ने भन्दै अहिले नै समेटेर जान अनुरोध गरे पनि सांसदहरूले अभ्यास तोड्न नसकिने जवाफ दिए । रास्वपाकी सोविता गौतमले सांसद हुँदा राखेको संशोधन छलफल नै नगरी स्वीकार गर्दा कन्फ्लिक्ट अफ इन्ट्रेस्ट हुने भन्दै समितिमा छलफल भएर स्वीकार हुँदा समस्या नहुने तर्क गरिन् ।

संसद् सचिवालय पूर्वमहासचिव सूर्यीकिरण गुरुङले सांसदको भूमिकामा राखेको संशोधन मन्त्री हुँदा स्वीकार गरेर अगाडि बढाउँछु भन्नुले स्वार्थको द्वन्द्व नहुने बताए । 'अस्वीकार गर्नु भन्नु पो गैरजिम्मेवारी भयो । सांसद हुँदा एउटा, मन्त्री हुँदा अर्को कुरा गच्यो भन्ने हुन्थ्यो,' उनले भने, 'तर, स्वीकार गरेर अगाडि बढाउँछु भन्नु त संसद्लाई सहयोग हो ।'

आठ खर्ब...

पृष्ठ १ बाट क्रमशः

बताए । 'हामी अझै पनि प्रस्तावित अन्य आयोजनाको मूल्यांकन तथा वर्गीकरण गरिरहेका छौं । तसर्थ, यो संख्या थप बढ्न सक्छ,' उनले भने । आयोजना विकासका क्रममा परियोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्यांकन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लगायत पूर्वतयारीको काम गर्नुपर्छ । २१ परियोजना सबै पूर्वतयारीका काम सकेर राखिएका छन् । यी परियोजनाको अनुमानित लागत आठ खर्ब ९१ अर्ब १५ करोड रुपैयाँ रहेको छ ।

लगानी जुटेको अवस्थामा ती आयोजना तत्कालै निर्माणमा जान सक्ने बोर्डका प्रवक्तासमेत रहेका उपाध्यायले बताए । यद्यपि, आयोजना प्रभावित क्षेत्रमा जग्गा तथा सम्पत्तिको मुआब्जा तथा क्षतिपूर्ति निर्धारण र वितरण भने सम्झौतापछि हुनेछ । रुख कटानीको स्वीकृत पनि त्यसपछि नै लिनुपर्ने बोर्डको भनाइ छ । सरकारले लगानी सम्मेलनमा निश्चित अवधि राखेर ती परियोजना बनाउन आशयपत्र आह्वान गर्नेछ । त्यसपछि सोही अवधिभित्र इच्छुक लगानीकर्ताले प्रस्ताव पेस गर्न सक्नेछन् । त्यसपछि उनीहरूमध्येबाट छनोट भएका कम्पनीसँग पहिलो चरणमा समझदारीपत्रमा हस्ताक्षर गरिनेछ । त्यसपछि थप प्रक्रिया पूरा गरेर परियोजना विकास सम्झौता गरिनेछ ।

'सम्मेलन दुई दिनको मात्रै छ । तर, आशयपत्रको म्याद बढी हुन्छ । लगानी सम्मेलनका अवसरमा यी आयोजनाहरू आशयपत्रसहित प्रदर्शनी हुन्छन् । त्यस क्रममा लगानीकर्ताले तोकिएको प्रक्रियामा आवेदन दिनुपर्ने हुन्छ,' प्रवक्ता उपाध्यायले भने, 'त्यसपछि आवश्यक प्रक्रिया पूरा गरेर छनोट गर्ने काम हुन्छ ।

अपहरणमा परेका...

पृष्ठ १ बाट क्रमशः

बन्धक बनाएर असुलेको प्रहरी अधिकारी बताउँछन् । क्यानडा तथा युरोपियन देश पठाउने भन्दै पाकिस्तानी, श्रीलंकन, बंगलादेशी तथा भारतीय नागरिकलाई नेपाल ल्याएर अपहरण गर्ने प्रवृत्ति बढेको छ । दुई साताअघि मात्र बंगलादेशी गिरोहले बंगलादेशकै नागरिकलाई यसरी बन्धक बनाएको अवस्थामा प्रहरीले उद्धार गरेको थियो ।

तीन महिनाअघि १३ जना भारतीयलाई भारतीयले नै अमेरिका लैजाने भन्दै नेपाल ल्याएर अपहरण गरेका थिए । विगतमा पाकिस्तानी नागरिकलाई समेत यसैगरी युरोप, अमेरिका जाने सपनामा नेपाल ल्याई अपहरण गर्ने गरिएको थियो ।

विदेशी नागरिकमाथि अनुगमनको संयन्त्र कमजोर हुँदा यसरी विदेशीहरू नेपाललाई ट्रान्जिट बनाई मानव तस्करी र अपहरणजस्ता अपराधमा सक्रिय भएको प्रहरी अधिकारी बताउँछन् ।

समृद्धिको...

पृष्ठ १ बाट क्रमशः

ड्रिलिङको समयावधि धकेलिएको छ ।

पेट्रोलियम अन्वेषणका लागि नेपालका तर्फबाट गठन गरिएको परियोजनाका प्रमुख दिनेशकुमार नापितले चाँडै ड्रिलिङको तयारी भइरहेको बताए । डोजर प्रयोग गरेर ठूला ट्रकहरूसमेत जलजले पुगेको पेट्रोलियम अन्वेषण प्रवर्द्धन परियोजनाका आयोजना प्रमुख दिनेशकुमार नापितले बताए । 'सडकले यति धेरै जोखिम निम्त्यायो कि कतिपय स्थानमा खाल्टाखुल्टी उस्तै, धुलो उस्तै, मोडमा समस्या त्यस्तै, धेरै समस्या छिचोल्दै जलजले पुगेका छन्, अब अन्य सवारीसाधनका लागि सहज हुनेछ,' नापितले भने ।

नापितका अनुसार १५ मिटर लम्बाइका मेसिन साँघुरो बाटोमा अलपत्र परेका हुन् । 'यो बाटो हुँदै ठूला मेसिन आउने जानकारी सडक विभागलाई पहिले नै दिएका थियौं । त्यसैले बाटो फराकिलो पारिदिन अनुरोध गरे पनि प्रगति नहुँदा अहिले आयोजनास्थलसम्म मेसिन लैजान समस्या खेपेका छौं,' उनले भने ।

खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरेले अब अन्तिम अन्वेषण गरेर पेट्रोलियम पदार्थको परिमाण यकिन गरिने बताए । 'अब चार हजारदेखि चार हजार पाँच सय मिटर गहिरो ड्रिल गरेर अन्तिम अन्वेषण गरिनेछ । त्यसबाट त्यस क्षेत्रमा के-कति परिमाणमा पेट्रोलियम पदार्थ छ भन्ने यकिन हुनेछ । करिब दुई साताभित्रै सम्पूर्ण मेसिनरी एवं उपकरण दैलेख पुगेर ड्रिलिङ सुरु हुने अपेक्षा छ,' उनले भने, 'ड्रिलिङ सुरु भएको चार महिनामा खनेर सकिनेछ । त्यहाँबाट ग्यास एवं क्रुड आयल निस्कनेछ । त्यसपछि परिमाण र गुणस्तर यकिन गरेर उत्खननका प्रक्रिया सुरु हुनेछन् ।'

०७२ मा नेपाल र चीनबीच अन्वेषणमा सघाउने द्विपक्षीय समझदारी (जिटुजी) भएपछि सन् २०१९ मा खानी विभाग र चाइना जियोलोजिकल सर्भेबीच अन्वेषणका लागि सम्झौता भएको थियो । त्यसपछि सुरु भएको अन्वेषणको प्रारम्भिक काम कोभिड- १९ का कारण रोकिएको थियो ।

तर, कोभिडपछि करिब दुई वर्षयता चिनियाँ र नेपाली टोलीले दैलेखमा गरेको प्रारम्भिक अन्वेषणबाट त्यहाँ पेट्रोलियम पदार्थ रहेको पुष्टि भइसकेको छ । त्यहाँ गरिएको सामान्य ड्रिल, सर्भे र त्यहाँको ढुंगालाई चिनियाँ ल्याबमा लगेर गरेको परीक्षणबाट दैलेखका शिरीस्थान, नाभीस्थान, धुलेश्वर र पादुका क्षेत्रमा पेट्रोलियम पदार्थ छ भन्ने पुष्टि भइसकेको महानिर्देशक घिमिरेले बताए ।

अन्तिम ड्रिलिङको प्वाइन्टबाट करिब ४० मिटर उचाइसम्म मेसिन पुग्ने, मेसिन जडानको करिब ४० मिटरमाथि ड्रिलिङका लागि इन्जिनियर बस्ने गरी संरचना तयार गर्नुपर्ने भएकाले सोहीअनुसारका ठूला सामान ल्याउने र जडान गर्ने काम तीव्र पारिएको छ ।

आयोजनास्थल र अन्य सुरक्षाका लागि सशस्त्र प्रहरी बल काठमाडौंलाई दुई महिनाअघि नै लेखिपठाएको र अहिलेका लागि दैलेखमा रहेको सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट आयोजनास्थलको सुरक्षा गरिने दैलेखका प्रमुख जिल्ला अधिकारी खिमराज भुसाललले बताए ।

दैलेखको जमिनमुनि पेट्रोलियम पदार्थ रहेको पुष्टि भए पाल्पा, सल्यान, अर्घाखाँचीलगायत स्थानमा समेत खोजी कार्य सुरु गर्ने सरकारी योजना छ । 'यहाँ पेट्रोलियम पदार्थ भेटियो र प्रयोगयोग्य रहेको पुष्टि भए पाल्पा, सल्यान, अर्घाखाँचीलगायत क्षेत्रमा पनि खोज्ने योजना छ,' नापितले भने, 'तर, अहिले यो परियोजनासँग अन्यत्रको सरोकार भने छैन ।'



टाइमलाइन

- तत्कालीन प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका क्रममा ८ चैत ०७२ नेपाल र चीनबीच १० बुँदे समझदारी भएको थियो । त्यसमा नेपालको पेट्रोलियम र ग्यास अन्वेषणमा चीनले सघाउने उल्लेख थियो । समझदारीलगत्तै सातजना चिनियाँ नेपालमा आएर प्रारम्भिक चरणको अध्ययन गरे, खानी क्षेत्रको अवलोकन गरे । उनीहरूले नेपालको खानी तथा भूगर्भ विभागबाट तथ्यांक लगे ।
- तत्कालीन चिनियाँ उपप्रधानमन्त्री वाङ याङको नेपाल भ्रमणका क्रममा १५ अगस्ट २०१७ मा नेपालको पेट्रोलियम तथा ग्यास अन्वेषणको सम्भाव्यता अध्ययन गर्न दुई मुलुकबीच सम्झौता भयो । जसअनुसार चीनले पेट्रोलियम अन्वेषणमा एक सय ३६ मिलियन युआन अर्थात् करिब दुई अर्ब रुपैयाँ खर्चने भयो ।
- १४ जनवरी २०१९ मा मन्त्रिपरिषद्ले पेट्रोलियम खानी अन्वेषण कार्यान्वयनका लागि सम्झौता गर्न खानी तथा भूगर्भ विभागलाई स्वीकृति दियो ।
- २८ फेब्रुअरी २०१९ मा खानी तथा भूगर्भ विभाग र चाइना जियोलोजिकल सर्भेसँग पेट्रोलियम खानी अन्वेषणको काम अघि बढाउने सम्झौता भयो ।
- सम्झौतापछि चिनियाँ टोली नेपाल आएर अन्वेषणका काम अघि बढाए । तर, सोही वर्ष डिसेम्बरमा विश्वव्यापी कोभिड महामारी सुरु भएपछि काम अघि बढेन । कोभिडको प्रभाव कम भएपछि ०७९ जेठमा पुनः चिनियाँ टोली दैलेख आएर अन्वेषणका काम अघि बढाए, जुन अहिलेसम्म चलिरहेको छ ।

चीनको अढाई अर्बभन्दा बढी लगानी, नेपालको एक करोड, आगामी १६ चैतसम्म म्याद थप

यो परियोजनाको लागत सुरुमा दुई अर्ब ५० करोड रुपैयाँ अनुमान गरी काम सुरु गरिएको थियो । तर, परियोजना कार्यान्वयनमा भएको ढिलाईले लागतसमेत बढेको चिनियाँ पक्षले जानकारी दिएको छ । परियोजना कार्यान्वयनका लागि नेपालका तर्फबाट खानी तथा भूगर्भ विभागले गठन गरेको 'पेट्रोलियम अन्वेषण प्रवर्द्धन परियोजना'का प्रमुख दिनेशकुमार नापितका अनुसार नेपालका तर्फबाट भने जमिन अधिग्रहणका लागि आवश्यक मुआब्जा वितरणका लागि करिब एक करोड रुपैयाँ खर्च भएको छ । 'सबै खर्च चिनियाँ पक्षको हो । हामीले ड्रिलिङ गर्ने स्थानको जग्गा उपलब्ध गराउनका लागि मात्रै मुआब्जाबापत खर्च गरेका छौं,' उनले भने, 'जग्गाको मुआब्जाबापत सरकारले रकम खर्चेको छ, अरू कुनै आर्थिक भार छैन ।' भैरवी गाउँपालिका-१ जलजलेमा ४५ रोपनी जग्गा अधिग्रहण गरिएको छ ।

परियोजनाको अवधि आगामी १६ चैतसम्मका लागि थपिएको छ । दुई वर्षअघि थपिएको १४ चैत ०८० सम्मको म्यादमा पनि काम सम्पन्न नभएपछि मन्त्रिपरिषद्ले एक वर्षको समायावधि थप गरेको हो । चिनियाँ पक्षसँग सम्झौता हुँदा ड्रिलिङका लागि ११ देखि १८ महिना लाग्ने उल्लेख भएकाले एक वर्षका लागि म्याद थपिएको उनले बताए । ड्रिलिङ सुरु भएको ५-६ महिनामा काम सम्पन्न हुने परियोजना प्रमुख नापितले बताए । परियोजना सुरु हुँदा दैलेखमा भौगर्भिक तथा पेट्रोलियम सर्भे र ड्रिलिङ गर्ने क्षेत्रको पहिचान गर्न १० महिना लाग्ने उल्लेख थियो । तर, १० महिनामा सक्ने भनिएको काम गर्न चार वर्षभन्दा बढी लागेको छ ।

छैठौं र सातौं साधारण सभा सम्बन्धि सूचना

(दोस्रो पटक प्रकाशित मिति :२०८०/१२/२४ गते, शनिबार)

आदरणी शेयरधनी महानुभावहरु,

पिपुल्स पावर लिमिटेडको मिति २०८०/१२/२० गते मंगलबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको छैठौं र सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्ने गरी बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८१/०१/१७ गते सोमबार (तद्नुसार अप्रिल २९, २०२४)

स्थान : लिसारा बैडक्यौट हल, नक्साल, काठमाडौं ।

समय : बिहान १०:०० बजे

साधारण सभामा छलफल गरिने विषयहरु (एजेण्डा) :

क) सामान्य प्रस्ताव ।

१) आ.व २०७८/०७९ र २०७९/०८० को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/०७९ र २०७९/०८० को वासलात, नाफा, नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) चालु आ.व. २०८०/८१ लागि सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम लेखा परिक्षकको नियूक्ति र निजको पारिश्रमिकनिर्धारण गर्ने सम्बन्धमा ।

४) संस्थापक समुहबाट १ जना महिला सहित ५ जना र सर्वसाधारण समुहबाट १ जना सञ्चालकको नियूक्ति/निर्वाचन गर्ने सम्बन्धमा ।

५) सञ्चालक समितिले प्रस्ताव गरेका मध्येबाट १ जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने सम्बन्धमा ।

६) संचालकहरुको बैठक भत्तातथा सुविधा निर्धारण सम्बन्धमा ।

७) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने ।

ख) विशेष प्रस्ताव :

१) हाल कायम रहेको चुक्ता पूँजीको आधारमा १ शेयर बराबर ०.५ का दरले (६३,२६,००० कित्ता शेयरको ५० प्रतिशत ३१,६३,००० कित्ता बाराबर) हकप्रद शेयर निष्काशनको लागि स्वीकृती प्रदान गर्ने सम्बन्धमा ।

२) हकप्रद शेयर वितरण पश्चात् कम्पनीको पूँजी वृद्धि हुने भएकाले सो प्रयोजनका लागि पूँजी वृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफाहरुमा संशोधन गर्ने सम्बन्धमा ।

३) हकप्रद शेयर जारी गर्दा अन्य आवश्यक कुरा फेरवदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४) कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा हुने संसोधनमा कम्पनी रजिष्ट्रारको कार्यलय तथा नियामक निकायबाट आवश्यक थपघट वा परिमार्जन गर्न निर्देशन प्राप्त भएमा सो कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदानगर्ने सम्बन्धमा ।

ग) विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/१२/२९ विहिबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एकसचेञ्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएको शेयरधनीले मात्र कम्पनीका वार्षिक साधारण सभामा भाग लिन सक्नेछन ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले सभा कक्षमा प्रवेश गर्नको लागि अनिवार्य रुपले प्रवेशपत्र, आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र (जस्तै नागरिकता वा अन्य आधिकारिक परिचयपत्र) सहित शेयरधनी उपस्थित हुनु पर्नेछ ।

३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावले सभा स्थलमा उपस्थित भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । उपस्थिति पुस्तिका विहान ९:०० बजे देखि खुल्ला रहनेछ ।

४. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभाको सूचना सहित वार्षिक प्रतिवेदन, आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश-पत्र पठाउने व्यवस्था मिलाईएको छ । कुनै कारणवश शेयरधनी महानुभावहरुले प्राप्त गर्न नसक्नु भएमा कम्पनीको कार्यालय, वालुटार, काठमाडौ तथा शेयर रजिष्ट्रार(प्रभु क्यापिटल लि.)को कार्यालय, कमलादि, काठमाडौबाट प्राप्तगर्न सकिनेछ ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोसी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले प्रतिनिधि (प्रोक्सी) फारम सभा शुरु हुनु भन्दन कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालय, वालुवाटार, काठमाडौमा बुझाई सक्नुपर्नेछ । एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्ने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको पाइएमा सबैभन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत : बदर हुनेछ ।

६. कम्पनीको संस्थापक शेयरधनीबाट १ जनामहिला संचालक सहित ५ जना र सर्वसाधारण शेयरधनीहरुका तर्फबाट १ जना सञ्चालक साथै सञ्चालक समितिले प्रस्ताव गरेका नामबाट स्वतन्त्र संचालक १ को नियुक्ति(निर्वाचन) कार्यक्रम सम्बन्धि सूचना साधारण सभाहुनु भन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको सूचना पाटीमा टाँस गरिने छ ।

७. साधारण सभा एवं संचालक निर्वाचन सम्बन्धी अन्य जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय वालुवाटार काठमाडौमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

People's Power Ltd.
पिपुल्स पावर लि.
केन्द्रिय कार्यालय: का.म.न.पा.-२ वालुवाटार काठमाडौं
फोन नं. ०१-४५३७५४४
Email: peoplespowerltd@gmail.com

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, टंगाल
लाजिम्पाट, काठमाण्डौं

कागजात तथा विवरण पेश गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशन मिति : २०८०/१२/२४ गते)

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलका करदाताको आ.ब.२०७४/०७५ को कारोबारको छानविन तथा परीक्षण गर्नुपर्ने भएकोले करदातालाई दर्ता हुँदाका वखतको सम्पर्क नम्बरमा फोन सम्पर्क गर्दा सम्पर्क हुन नसकेको, हुलाक रजिष्ट्रि गरी पत्राचार गरिएकोमा खोजतलास गर्दा फेला नपरेको भनी उक्त पत्र फिर्ता आएको, स्थानीय निकायसँगको समन्वयमा स्थलगत निरीक्षण गर्दा करदाताले घोषणा गरेको ठेगानामा करदाता फेला नपरेको हुँदा खरिद तथा बिक्री बिजक, खरिद तथा बिक्री खाता र बैङ्क स्टेटमेण्ट सहितका कारोवारलाई प्रमाणित गर्ने कागजात यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स्वयं वा अधिकार प्राप्त प्रतिनिधि मार्फत यस कार्यालयमा निवेदनसाथ उपस्थित भई पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा ८३ को उपदफा (१) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३ को उपदफा (२) बमोजिम यो सूचना जारी गरिएको छ । अन्यथा, कार्यालयमा प्राप्त सूचना तथा अभिलेखको आधारमा आयकर ऐन, २०५८ को दफा १०१ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

क्र.सं	स्थायी लेखा नम्बर	करदाताको नाम	ठेगाना	संचालकको नाम
१.	६०१८४९६५७	स्मार्ट एसेम्बल प्रा.लि.	का.म.न.पा वडा नं. २ लाजिम्पाट, काठमाण्डौ	RUSTAM SATTOROV, TAJIKISTAN (PP NO.M241735), FARRUKH KHAMZAEV TAJIKISTAN, (PP NO.M326678), OLCAY SENOL, TURKEY (PP NO. U01089128)

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २४ चैत ०८०
nayapatrikaofficial @naya_patrika

आठ दशकअघिको देशको स्वास्थ्य

त्यसवेला औषधि खासै पाइँदैनथ्यो । बिरामीलाई अक्सिजन प्राप्त होस् भनेर शान्त, स्वच्छ, हरियाली, हावा चल्ने, घाम लाग्ने ठाउँमा राख्ने निवास बनाइएको थियो ।



संस्मरण

डा. गौरीशंकर लाल दास

तस्बिर : **दिपेन्द्र ढुंगाना**

भारतबाट चिकित्सा शास्त्र अध्ययन गरेर काठमाडौं आउँदा डा. गौरीशंकर लाल दास २८ वर्षका थिए । उनीसँगै पटनामा चिकित्सा शास्त्र पढेर फर्किएका नागेश्वर सिंह राजनीतिमा लागेर कालान्तरमा पञ्चायती व्यवस्थाको हिमायती बने । अर्का साथी लक्ष्मीनारायण प्रसादले नाक, कान, घाँटी तथा आँखाको विशेषज्ञका रूपमा सेवा गरे । गौरीशंकर चिकित्सक र प्रशासकका रूपमा नेपालको स्वास्थ्य सेवाको सुधार र विस्तारमा सक्रिय रहिरहे । सय वर्ष पुगेका डा. गौरीशंकरले **अन्वेषण अधिकारी**सँग आफ्नो जीवनका रोचक घटना यसरी सुनाए :

सिराहाको इनरवामा त्यतिवेला स्कुलहरू थिएनन् । घरमा प्रारम्भिक शिक्षा लिएपछि स्कुल भर्ना हुनका लागि म भारतको राजनगर गएँ । घरबाट १२ कोस टाढाको विद्यालयमा सोझै तीन कक्षामा भर्ना भएँ । वि.सं. १९९० सालको भूकम्प आउँदा पाँच कक्षामा अंग्रेजीको पढाइ चलिरहेको थियो । एक्कासि घर हल्लियो । तर, विद्यालयमा कुनै क्षति भएन । बाहिर निस्किँदा जमिन फाटेको थियो । धेरै पछिसम्म पनि पटनामा घरका भग्नावशेष देखिन्थे । दरभंगा महाराजको भवन भत्किएको थियो । त्यहाँको प्रसिद्ध नवलखा दरबारमा पनि ठूलो क्षति भयो । दुर्गामन्दिर पनि क्षतिग्रस्त भयो ।

भारत स्वतन्त्र हुँदासम्म म पटना विश्वविद्यालयमा पढ्दै थिएँ । अन्यत्र धार्मिक हिंसा भड्किए पनि पटनामा हिन्दू-मुसलमानबीच सद्भाव कायम थियो । यहाँ ठूलो हर्षबढाइँ चलेको थियो । एमबिबिएस सकेपछि देशमै केही गर्नुपर्छ भनेर २००७ सालमा काठमाडौं आएँ । नेपालमा प्रजातन्त्र भर्खरै आएको थियो । काठमाडौंमा अहिलेजस्तो घरहरू बनिसकेका थिएनन् । जनसंख्या थोरै थियो । सरकारी अस्पतालका नाममा वीर अस्पताल मात्रै थियो । २००८ सालमा लोकसेवा आयोग स्थापना भयो । अर्को वर्ष आयोगबाट सिफारिस भएर म वीर अस्पतालमा काम गर्न गएँ । यहाँ ६ महिना मात्रै काम गरेँ ।

अस्पतालमा हाइड्रोसिल र हर्नियाको अप्रेसन मात्रै हुन्थ्यो । यहाँ डा. मजुमदार बंगाली सुपरिटेन्डेन्ट डाक्टर थिए । उनी मातृकाबाबु (तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइराला) का निजी चिकित्सकसमेत थिए ।

६ महिना वीरमा काम गरेपछि म टोखास्थित क्षयरोग अस्पतालमा सरुवा भएँ । यहाँ २०२३ सालसम्म सुपरिटेन्डेन्ट डाक्टरका रूपमा काम गरेँ । बुढानिलकण्ठबाट तीन किलोमिटर पश्चिम उत्तरस्थित पहाड, टोखामा हरियाली र स्वच्छ वातावरण थियो, सल्लाका रुखहरू प्रशस्त थिए । अक्सिजन पर्याप्त प्राप्त हुने भएकाले क्षयरोगका बिरामीलाई यहाँको हावापानीमा राख्ने प्रबन्ध गरिएको थियो । त्यतिवेला अहिलेजस्तो प्रभावकारी औषधि उपलब्ध नहुने भएकाले बिरामीलाई सहज होस् भनेर शान्त, स्वच्छ, हावा चल्ने, घाम लाग्ने, सल्लाका रुखहरू भएको ठाउँमा स्वास्थ्य निवास बनाउने गरिन्थ्यो । यहाँ गएबापत मलाई मासिक २५० रुपैयाँ अतिरिक्त भत्ताको व्यवस्था पनि थियो । बिरामीका लागि ५० वटा बेडको व्यवस्था थियो । डाक्टर, तीनजना नर्स, सहयोगीहरू सबैका लागि क्वार्टरको व्यवस्था थियो । नेपालमा नर्सिङ शिक्षा भित्रिसकेको थिएन । नर्सहरूले सामान्य ट्रेनिङ मात्रै लिएका हुन्थे ।

> जनताको आस्था धामीझाँक्रीमा हुन्थ्यो । सबै ठाउँमा डाक्टर पनि हुँदैनथे । केही ठाउँमा आयुर्वेदिक डाक्टर र वैद्य थिए । त्यसैले, हामीले धामीझाँक्रीलाई नै तालिम दियौं । उनीहरूले नै परिवार नियोजनबारे समाजमा बुझाए । राज्यले पत्यायो भनेर उनीहरू पनि खुसी हुन्थे ।

चन्द्रशमशेरले खडा गरेको कोषको रकमबाट यो अस्पताल खोलिएको रहेछ । मुखबाट रगत आएपछि चन्द्रशमशेरलाई क्षयरोग भएको आशंका गरिएको थियो, उहाँले त्यतिवेला क्षयरोगको उपचारका लागि अस्पताल खोल्न २० लाखको कोष नै खडा गरिदिनुभएछ । त्यही पैसाबाट जुद्धशमशेरले अस्पताल स्थापना गर्नुभएको रहेछ । वि.सं. १९९१ मा बम्बईबाट डाक्टर ल्याएर उद्घाटन गर्दा जुद्धशमशेर प्रधानमन्त्री थिए । यस अस्पतालका लागि सुन्दरीजलबाट बिजुली ल्याइएको थियो । अस्पतालसम्म पुग्न त्यतिवेलै कच्ची सडक खनिएको थियो । सडक मर्मतका लागि आठजना रोड कुल्लीको दरबन्दीसमेत थियो । राणाहरूलाई राख्नका लागि तीनवटा कटेजसमेत बनाइएका थिए । कटेज 'ए'मा ए क्लासका राणा, 'बी'मा बी क्लास र 'सी'मा सी क्लासका राणालाई राखिन्थ्यो । अस्पतालमा उपकरणका रूपमा चेस्ट एक्सरे मेसिन पनि थियो । कफ जाँच गरेर टिबीको कीटाणु देखिएपछि उपचार थालिन्थ्यो । अहिलेजस्तो प्रभावकारी औषधि पनि आइसकेको थिएन । क्षयरोगको शंका लागेका बिरामीलाई डाक्टरहरूले यहाँ पठाउँथे । उनीहरूलाई चिकित्सकको निगरानीमा राखेर सामान्य औषधि-उपचार गरिन्थ्यो ।

एकपटक भोटाहिटीका कैलाशराम श्रेष्ठकी पत्नी मेवादेवी यहाँ भर्ना हुन आउनुभएको थियो । कैलाशराम दाइसँग मेरो चिनजान घनिष्ठतामा परिणत भयो । उहाँ साहित्यबारे निकै चर्चा गर्नुहुन्थ्यो । हामीले सल्लाह गरेर यहाँ एउटा साहित्यिक पत्रिका निकाल्यौं । नेपाली, नेवारी र हिन्दी भाषामा निकाल्ने भएकाले यसको नाम 'संगम' राखिएको थियो । हात मिलाएको लोगो हातले कोरेर तयार गर्‍यौं । यतिवेला अहिलेजस्तो फोटोकपी वा प्रिन्टको व्यवस्था थिएन । सबै पत्रिका हातले नै लेख्थ्यौं । बिरामी, डाक्टर, नर्स सबैले साहित्यिक रचनाहरू दिन्थे । त्यसलाई जति प्रति छाप्ने हो, ती सबै प्रति हातले नै लेखेर तयार गर्थ्यौं । जस-जसको लेख-रचना छापिएको छ, उहाँहरूलाई एक-एक प्रति पत्रिका पठाउँथ्यौं ।

कैलाशराम दाइको सक्रियताका कारण यसमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, चित्तधर हृदय, बालकृष्ण सम, फत्तेबहादुर सिंहलगायत चर्चित सर्जकले लेख तथा कविता दिनुभयो । उहाँहरूसँगको मेरो परिचय पनि यसैले गरायो ।

एक रात सिद्धिचरण श्रेष्ठ यहाँ आएर बस्नुभयो । बिहान उठेर म, सिद्धिचरण र कैलाशराम दाइ विष्णुद्वार गर्यौं । त्यहाँ पुग्नुअघि मनोहरि छहरा पार गर्नुपर्ने थियो । कविजीले उफ्रेर त्यसलाई पार गर्न खोज्दा पारिको ढुंगामा चिप्लिएर लड्नुभयो । चस्मा अर्कोतिर पर्‍यो । सबै खित्का छाडेर हाँस्यौं । युगकवि सिद्धिचरणको त्यो निश्चल, निर्मल हाँसो आज पनि मलाई सम्झनामा आइरहन्छ ।

हामीले अकुपेसनल थेरापीका रूपमा बिरामीलाई विभिन्न तालिम पनि दिने गरेका थियौं । तत्कालीन अमेरिकी राजदूतकी पत्नी अध्यक्ष र इजरायली राजदूतकी पत्नी उपाध्यक्ष रहेको इन्टरनेसनल वुमन्स अर्गनाइजेसन नामक संस्थाले यसको व्यवस्था गरेको थियो । द्वारिका होटेलकी सञ्चालिका अम्बिका श्रेष्ठ पनि त्यसमा हुनुहुन्थ्यो । चित्र कोर्ने, स्वेटर बनाउने, ल्याम्पोस्ट बनाउनेलगायत सीपमूलक तालिम दिन्थ्यो । यस संस्थाका प्रतिनिधिले नै सामान बोकेर आउँथे । बिरामीले सामान तयार गरिसकेपछि त्यसलाई लगेर बजारमा बेच्थे र बिरामीलाई पैसा दिन्थे । यसले बिरामीलाई सक्रिय रहन र खुसी राख्न मद्दत गरेको थियो । पैसा पनि आउँथ्यो ।

यस अवधिमा वि.सं. २०१२ सालमा बेलायतको वेल्स नेसनल स्कुल अफ मेडिसिनमा टिडिडी डिप्लोमा कोर्स गर्न गएँ । अर्को वर्ष लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिनमा (डिटिएम एन्ड एच) गरेँ । त्यतिवेला नेपालमा अहिलेजस्तो औषधि-उपचार र चेकजाँचको व्यवस्था थिएन । अत्याधुनिक उपकरणहरू पनि आइसकेका थिएनन् । दिसा, खकार, पिसाब, कफ जाँचेर बिरामीको मेडिकल हिस्ट्री बुझेपछि उपचार गर्नुपर्ने हुन्थ्यो । देशभर नै नेपाली डाक्टरको संख्या ७-८ जना थियो । बंगाली डाक्टर धेरै थिए । नेपाली चिकित्सक कम भएकाले सरकारले उनीहरूलाई राम्रो सुविधा उपलब्ध गराएर राखेको थियो । कति त यतै बसे ।

नेपालको स्वास्थ्य अवस्थाबारे बेलायतमा बताउँदा उनीहरू छक पर्थे । त्यहाँ आधुनिक चिकित्साको विकास तीव्र हुँदै थियो । संसारकै उत्कृष्ट अस्पताल थिए । हामीलाई वेल्समा पढाउने प्राध्यापक सर क्लिमेन्टले राजा जर्ज छैटौंको छातीको अप्रेसन गरेका रहेछन्, त्यसैले उनलाई 'नाइटहुड' दिइएको थियो । त्यतिवेलै त्यहाँ त्यस्तो सुविधा थियो ।

२०२३ सालमा सुपरिटेन्डेन्ट डाक्टरका रूपमा केन्द्रीय चेस्ट क्लिनिकमा सरुवा भएँ । यहाँ एक वर्ष काम गरेपछि सरकारले मलाई स्वास्थ्य विभागको निर्देशक बनायो ।

दुई वर्ष निर्देशकका रूपमा काम गर्दा दुइटा उल्लेखनीय काम गरियो भन्ने लाग्छ । एउटा कान्ति अस्पताल मेरै समयमा स्थापना भयो । सोभियत युनियनले घर बनाइदिएको थियो । तर, कुनै प्रयोगमा आएको थिएन । नेपालकै पहिलो बालरोग विशेषज्ञ पुष्पलाल राजभण्डारीले यसमा अस्पताल खोल्ने प्रस्ताव ल्याउनुभयो । त्यसपछि उहाँलाई नै सुपरिटेन्डेन्ट बनाएर अस्पताल खोल्यौं ।

अर्को परिवार नियोजन र मातृशिशु कल्याणको क्षेत्रमा काम भयो । युएस एडले यो प्रस्ताव ल्याएको थियो । डा. रिता थापाको यसमा ठूलो भूमिका छ । उहाँले पहिले पनि यो प्रस्ताव ल्याउनुभएको रहेछ, तर यज्ञराज जोशीले मान्नुभएन । मैले सुरु गरौं भनेँ । पहिले एउटै दम्पतीले ६-७ वटा बच्चा जन्माउँथे । हुर्काउन मुस्किल थियो । महामारी र कुपोषणका कारण मर्ने बच्चाहरूको संख्या पनि ठूलो हुन्थ्यो । बिस्तारै परिवार नियोजनले यो समस्या कन्ट्रोल हुँदै गयो । प्रतिहजार एक सय ७५ मा थियो शिशु मृत्युदर, अहिले घटेर ३० मा झरेको छ । मातृशिशु कल्याण कार्यक्रममा गर्भवतीको चेकजाँच गर्ने, बच्चा जन्मिसकेपछि आमा र बच्चाको चेकजाँच गर्ने खोपलगायत कार्यक्रम समावेश छन् । आहारको विषयमा जनचेतना जगाइयो ।

परिवार नियोजनअन्तर्गत जनचेतना फैलाउने, पिल्स, कन्डमहरू वितरण गर्ने, भ्यासेक्टोमी गर्नेलगायत काम भयो । सुरुमा त जनचेतना फैलाउनै गाह्रो थियो । जनताको आस्था धामीझाँक्रीमा हुन्थ्यो । सबै ठाउँमा डाक्टर पनि हुँदैनथे । केही ठाउँमा आयुर्वेदिक डाक्टर र वैद्य थिए । त्यसैले हामीले धामीझाँक्रीलाई नै तालिम दियौं । उनीहरूले नै परिवार नियोजनबारे समाजमा बुझाए । राज्यले पत्यायो भनेर उनीहरू पनि खुसी हुन्थे ।

चिकित्सा क्षेत्र अहिलेजस्तो फराकिलो भइसकेको थिएन । अहिले त क्यान्सरसँग पनि लड्न सक्ने अवस्था आयो । त्यतिवेला यस्ता कुरा कल्पना नै गरिएको थिएन । नेपालमा अंग प्रत्यारोपण हुन्छ भन्ने कल्पना थिएन । आइसियू कहीं पनि थिएन । डा. मृगेन्द्रराज पाण्डेले एमआरसिपी गरेर आएपछि वीर अस्पतालमा आइसियू राख्नुपर्छ भन्नुभयो । मानिसहरू यहाँ कसरी आइसियू राख्न सकिन्छ भनेर प्रश्न गर्थे । मुटुको उपचार पनि सम्भव थिएन ।

महिलामा देखिएका धेरै समस्याको पहिचान गर्न कठिन थियो । अहिले अल्टासोनोग्राफीले चिकित्सा क्षेत्रमा चमत्कार गरिरहेको छ । धेरै कुरा पत्ता लगाउन सकिन्छ । पहिले दिसा, पिसाब, खकार, एक्स रेबाट पत्ता लगाउनुपर्ने थियो ।

महामारीको नमिठो अनुभव

त्यसवेला मलेरिया, कालाजार, हैजा, कुष्ठरोगलगायत समस्या विकराल थिए । यस्ता समस्याले ज्यानै जाने अवस्था थियो । चिकेन पक्स, बिफर पनि धेरैलाई हुन्थ्यो । बिफरले आँखाको ज्योति नै गुम्ने समस्या थियो, अहिले त बिफर उन्मूलन नै भइसकेको छ । वाद्य शिरोमणि उस्ताद गणेशलालको बिफरकै कारण आँखाको ज्योति गएको थियो । साहित्यकार भवानी भिक्षुलाई पनि बिफर थियो ।

कुष्ठरोगीका लागि देशका धेरै ठाउँमा अलग कोरीखाना थियो । कतिपय अझै पनि सञ्चालनमा छन् । घरमा राख्दा अरू सर्छ भन्ने त्रास थियो । कुष्ठरोग लागेको थाहा हुनेबित्तिकै कोरीखाना पठाउनैपर्ने ऐन बनेको थियो । त्यो ऐनको दुरुपयोग पनि हुन्थ्यो । कतिपयले आफूलाई चित्त नबुझेका मानिसलाई कुष्ठरोगी भनेर कोरीखानामा पठाउने गरेका पनि थिए । त्यो भयंकर समय थियो । कुष्ठरोगीले आजीवन कोरीखानामा बिताउनुपर्थ्यो । अहिले त समयमै उपचार गरे कुष्ठरोग निको हुन्छ । तर, त्यतिवेला प्रभावकारी औषधि थिएनन् । गाउँमा जनचेतनाको कमी पनि थियो, स्वास्थ्य संस्था पनि थिएनन् ।

रेडक्रसमा छँदाको अनुभव

नेपाल रेडक्रस सोसाइटीको स्थापनादेखि ४० वर्षसम्म यसमा सक्रिय रहेँ । यस क्रममा देशका विभिन्न भूभाग डुल्न पाइयो । रेडक्रसमा मैले स्वच्छ खानेपानी, सामुदायिक विकासलगायत सामाजिक क्षेत्रमा काम गरेँ । दुर्गम जिल्लामा जाँदा झोलामा अत्यावश्यक औषधि पनि बोकेर जान्थेँ । सिटामोल, ग्यास्ट्रिक, जुका, झाडापखालालगायत इमर्जेन्सी औषधि बोक्थेँ । एन्टिबायोटिक पनि लिएर जान्थ्यौं ।

धेरै विकट जिल्लाहरू गइयो । जापानी रेडक्रसले खानेपानी विकासका लागि २० वर्षसम्म सहयोग गरेको थियो । हामीले

> देशभर नै नेपाली डाक्टरको संख्या ७-८ जना थियो । केही बंगाली डाक्टर थिए । नेपाली चिकित्सक कम भएकाले सरकारले उनीहरूलाई राम्रो सुविधा दिएर राखेको थियो ।

पहाडमा धारा र तराईमा ट्युबेलको व्यवस्था गरिदिएका थियौं । त्यतिवेला दूषित पानीले विभिन्न रोग फैलन्थे । गाउँमा होइन, सदरमुकाममै विकास पुगिसकेको थिएन । ०२३ सालमा अछामको मंगलसेन पुग्दा कुनै पनि घरमा शौचालय थिएन । एउटा सामान्य होटेलमा बस्यौं । हामीले राति झ्यालबाटै पिसाब फेर्थ्यौं । दिउँसो बारीमा जान्थ्यौं । हाम्रो टिममा नेदरल्यान्डकी एक सल्लाहकार महिला पनि थिइन् । उनलाई कहाँ जाने भनेर समस्या भयो । खोज्दा-खोज्दा जिल्ला विकास समितिको एउटा कार्यालयमा ट्वाइलेट रहेछ । त्यहाँ उसलाई पठायौं । अछामको हेडक्वार्टरमा यस्तो अवस्था थियो । यो कठिनाइपछि रेडक्रसले त्यहाँ शौचालय पनि निर्माण गर्ने भयो ।

पाल्पाको एक गाउँमा रेडक्रसकै कामले जानुपर्ने थियो । त्यहाँ यति धेरै फोहोर थियो कि बाटाभर दिसा हुन्थ्यो । मानिसहरू बाटोमा ढुंगा राख्ने, अनि त्यही ढुंगामाथि टेकेर जाने रहेछन् । हामीले रेडक्रसको कार्यक्रम लिएर जाने भएपछि पाहुना आउँदै छन् भनेर उनीहरूले सरसफाइ गरेछन् । बाग्लुङ, जाजरकोट, प्युठान, दैलेख डोटी, तेह्रथुमलगायत पूर्व-पश्चिम धेरै जिल्लामा घुमियो । अधिकांशः ठाउँमा शौचालय थिएनन् ।

छाउपडीका विषयमा पनि हामीले जनचेतना जगायौं । तर, एकैपटक छाउगोठ समाप्त गर्न सम्भव थिएन । त्यसैले तीन-चारवटा गाउँका बीचमा समुदायिक छाउगोठ बनायौं । कम्तीमा अलग-अलग राख्नुभन्दा महिलालाई त्यहाँ ल्याएर सफा वातावरणमा सुरक्षितसाथ राख्न सकियोस्, एक्लोपन नहोस् भन्ने लक्ष्य थियो । सामाजिक रूपमा अहिले पनि छाउपडी अन्त्य भइसकेको छैन । दोलखामा हामीले थामी समुदायमा काम गर्‍यौं । त्यहाँ हामीले उनीहरूलाई सीपमूलक तालिम र प्रौढ शिक्षा दिएका थियौं । रातको समय लालटिन बालेर पढाइन्थ्यो । डाक्टर भएकाले बिरामी हेर्ने काम छुटेन । एकपटक गोर्खाबाट हिँडेर मलेखु आउनुपर्ने थियो । बाटोमै रात पर्‍यो । वास माग्दा कसैले बस्न दिएन । पछि एउटा हुलाकीको घरमा गएर वास माग्दा सुरुमा हुँदैन भन्यो । पछि डाक्टर भनेपछि हुन्छ भन्यो ।

पहाडका जनताले उपचार गराउन मुस्किल थियो । पुल, गाडीलगायत थिएन । खोला तरेर अस्पताल आउन निकै गाह्रो थियो । रोग लाग्दा धामीझाँक्रीलाई देखाउनुपर्ने अवस्थाबाट अहिले धेरै परिवर्तन भइसकेको छ ।

द्वन्द्वकालको अनुभव

यात्राले मानिसलाई धेरै सिकाउँछ । मानवअधिकार आयोगको सदस्यका रूपमा द्वन्द्वकालमा गाउँ पुग्दाका घटनाले अहिले पनि मलाई धेरै झस्काउँछ । एकपटक माओवादी द्वन्द्व चरम उत्कर्षमा पुगेका वेला म र सुशील प्याकुरेल रुकुमको खारा पुगेका थियौं । त्यहाँ दुईवटा प्रहरीलाई माओवादीले मारिदिएका रहेछन् । त्यसपछि प्रहरीले पनि १५ जनालाई मारेछ । ६२-६४ घरमा आगो लगाईदिएछ । धेरै निर्दोष मारिएका थिए । यसपछि माओवादीले पनि केहीलाई बन्धक बनायो ।

अनुगमनका लागि गएका हामीले एउटा स्कुलमा पुगेर माओवादीका जिल्ला कमान्डरसँग भेट्यौं । सुशीलले अघि सरेर माओवादीसँग कुरा गरे । हामीले माओवादीले बन्धक बनाएकाहरूलाई छाडिदिनुपर्‍यो भन्यौं । हामीलाई उनीहरूले खाना पनि खुवाए । हामीले पैसा दिन खोज्दा मानेनन् । यति पनि सत्कार गर्न नपाउने भने ।

हामी अन्य गाउँमा पनि यसरी नै गयौं । मारिएकाहरूको अवस्था अनुगमन गर्‍यौं । त्यसपछि अर्को एक ठाउँमा गयौं । त्यहाँ माओवादीले एउटा घरमा लगेर खाना खुवाए । खानामा नुन थर्पौं भन्दा घरधनीले निकै अप्ठ्यारो माने । बट्टा खाली थियो । गरिबी चरम थियो । पैसा भइहाले पनि युद्धका कारण नुन लिन बजार जान सक्ने अवस्था थिएन । नुन माग्नु त सुन मागेजस्तै पो भयो । द्वन्द्वकालमा मानिसले धेरै दुःख पाए । ती दिन सम्झँदा नेपालमा यस्तो शान्ति आउला भनेर कल्पना गर्न पनि मुस्किल थियो ।

रुखमा विमान अड्किँदा

०४६-४७ सालतिर हुनुपर्छ । म पहिलोपटक कैलाशयात्रामा गएको थिएँ । हुम्लामा होटेल एउटा पनि थिएन । सरकारी गेस्ट हाउसमा गएर बस्यौं । झ्यालबाट बाहिर हेरिरहेको थिएँ । अचानक एउटा प्लेन आएर रुखमा अड्कियो ।

म र डा. रञ्जन एउटै समूहमा गएका थियौं । प्लेन रुखमा अड्किए पनि भाग्यवश आगलागी भएको थिएन । यसमा पाइलट र को-पाइलट मात्रै रहेछन् । हामीले तत्कालै गएर उद्धार गर्‍यौं । त्यसपछि प्रमुख जिल्ला अधिकारीलाई भनेर उनलाई नेपालगन्ज पठाउने व्यवस्था गर्‍यौं । सायद, भगवानले बचाएको हुनुपर्छ । यसरी बाँच्ने पाइलट थिए- शिव श्रेष्ठ, जो चर्चित गायिका तारादेवीका पति थिए । उहाँको दोस्रोपटक पनि दुर्घटना भयो भन्ने सुनियो । त्यतिवेला पनि बाँच्नुभएछ । विडम्बना ! तेस्रोपटक फेरि दुर्घटना भएर उहाँ बित्नुभयो भन्ने सुनेँ ।

सालैजो गाउँदै...



संगीत

खड्ग गर्बुजा, **लोकगायक**

खड्ग गर्बुजा नेपाली मौलिक संगीतका सर्जकमध्ये एक हुन् । उनले आफ्नो संगीतयात्राका क्रममा धौलागिरि क्षेत्रमा गुज्जिने सालैजो, शिरफूल, यानीमाया, सोरठी, ख्याली, भ्याउरेलगायत लोकभाका संकलन गरे । मायाप्रेम र गाउँघरका दुःखसुखलाई आफ्नो सिर्जनामा उन्न सिपालु उनै गायक गर्बुजाले आफ्नो सांगीतिक यात्राबारे **पवन बराइली**लाई सुनाए :

०५३ सालसम्म पनि गाउँघरमा पुराना भाका निकै गाइन्थ्यो । खासगरी गाउँमा मेलापात जाँदा र बजार जात्रातिर जाँदा सालैजो भाका खुब गाउने चलन थियो । त्यहीवेला मैले संकलन गरेको गीत हो पानी खायो बाघैले ।

त्यो रानीवनको तितिरे धारो
सालैजो पानी खायो बाघैले
गीत र गाउँन स्वरैमा छैन
सालैजो घुमाइदेऊ राघैले

यो गीतको शब्दलाई मैले संकलन गरेको हुँ । गाउँमा अग्रजहरूले गाउनुहुन्थ्यो । बाल्यकालमा गाउँमा दाइदिदीले गाएको गीत मेरो दिमागमा आयो । त्यसवेला सालैजो भाका, कौडा, सोरठीलगायत भाकाले एल्बममा प्रवेश पाउँदैनथे । गायक-गायिकाहरू पनि क्यासेट धेरै विकाउने ध्याउन्नमा गीत निकाल्थे । २०५३ सालमा यो गीतलाई मैले थोरै परिमार्जन गरेँ ।

माथिलाई पऱ्यो मंगले खानी
सालैजो तल पऱ्यो चीन खोला
अर्काको छोरा अर्कैको छोरी
सालैजो माया लाग्ने किन होला ?...

यो शब्द आफैँ बनाएँ । मैले सालैजो भाकालाई क्यासेटमा समावेश गरेर बजार पठाएँ । यो गीतले अप्रत्यासित रूपमा चर्चा पायो । सालैजो समावेश भएको गीतको एल्बम एक लाख १० हजार प्रति बिक्री भयो । एक लाख १० हजार 'पिस' बिक्री हुनु भनेको ठूलो कुरा थियो । यो गीतले मेरो परिचय नै बनाइदियो ।

त्यसवेला लगभग सालैजो लोप हुने अवस्थामा पुगेको थियो । लोप हुन लागेको भाका मैले क्यासेटमा समावेश गरेँ । त्यसपछि विभिन्न गाउँठाउँका सालैजो हुँदो रहेछ भन्ने थाहा भयो । त्यसपछि बाग्लुङ, स्याङ्जा, लमजुङतिरका ठाडेभाका क्यासेट र एल्बममा समावेश हुन थाले ।

सालैजो मगर समुदायबाट विकसित भएको भाका हो । मगर समुदायमा साली र भेनाबीच ख्यालठट्टा गर्ने चलन छ । भेनाले सालीलाई जिस्काएर वा सम्मान गरेर सालीज्यू भनिन्छ । सालीज्यू अपभ्रंश भएर 'सालैजो' बनेको बताइन्छ । मगर समुदायबाट सुरु भए पनि 'सालैजो भाका' नेपालको साझा सम्पत्ति हो ।

त्यसवेला एउटा गाउँका युवाको समूह र अर्को गाउँका युवतीको समूहबीच गीत गाउने चलन थियो । आदरपूर्वक गीत गाइन्थ्यो । पारि गाउँमा मेला लाग्दा वारि गाउँका केटाहरू पुग्थे । वारि गाउँमा मेला लाग्दा पारि गाउँका केटीहरू आउँथे । गीत गाउँदागाउँदै युवाहरूले युवतीको समूहलाई थुन्ने चलन पनि छ । युवतीहरूले पनि युवाहरूलाई थुन्ने चलन छ । गाउँमा गीत गाउँदा मात्रै सालैजो, शिरफुली, यानीमाया जस्ता भाकाहरू प्रयोग हुन्थ्यो ।

मलाई अझै याद छ, मेरा दाइ र दिदीहरूले पनि तरुनी-तन्नेरी थुन्नुहुन्थ्यो । गीत गाउँदागाउँदै दाइले अर्को गाउँको तरुनी थुन्नुभयो । दिदीले पनि अर्को गाउँको तन्नेरी थुन्नुहुन्थ्यो । मेरो स्वर गीत गाउने जस्तो भएको थिएन । तर, म पनि दाइदिदीसँग मादल बजाउँथे । उहाँहरूसँगै गीत गाउँथेँ । दिदीले तन्नेरीहरू भाग्दा फर्काउन मलाई पठाउनुहुन्थ्यो । सँगै गीत गाएर रातभरि बसिन्थ्यो । त्यो वेला निकै रमाइलो हुन्थ्यो । युवा र युवतीविना सालैजो भाका गाइँदैन । यो भाका गाउन युवा र युवतीको समूह हुनुपर्छ । मन मिल्यो भने विवाह पनि गर्ने चलन छ । सालैजोको विशेषता भनेको यही हो । केटाले उच्चारण गरेको शब्द केटीले पनि गाउँछन् । सालैजो गाउँदा बेग्लै आनन्द आउँछ ।

तरुनी-तन्नेरी फकाउँदा गीत गाइन्छ । त्यतिवेला नाटक पारेर भाग्ने पनि चलन हुन्छ । पल्लो गाउँको केटीहरू आउँथे । उनीहरूको गाउँमा मेला लाग्दा हामी पनि जान्थ्यो । उनीहरूको गाउँमा भेट हुन्थ्यो र गीत गाइन्थ्यो । छुट्न मन लाग्दैनथ्यो, बस भने पनि हुन्थ्यो जस्तो पनि लाग्थ्यो । भागेको जसरी नाटक पनि गर्नुपर्थ्यो । केटाहरूलाई केटीहरूले थुनिदिएहुन्थ्यो भन्ने लाग्छ । तरुनी र तन्नेरी थुन्दा मिठो-मिठो खाने कुरा खुवाउनुपर्थ्यो ।

छुट्ने वेला उनीहरूले फुल खाजा (चामलबाट बनाइने खाना) नै बनाएर पठाइदिन्थे । केटीहरूले हामीलाई बाटोमा खानाका लागि खाजा पठाउँथे । हामी कोदो फापरको रोटी बनाएर पठाइदिन्थ्यौँ । हेर्दाहेर्दै उनीहरूले डाँडा काट्थे । हाम्रो मन निकै रुन्थ्यो । निकै भावुक हुन्थ्यौँ । डाँडा नकाटेसम्म उनीहरूलाई भालै (साथी भनेर बोलाउने शैली) भन्थ्यौँ । उनीहरूले पारिबाट भालै भनेर रुमाल हल्लाउँथे । हामीले पनि वारिबाट भालै भनेर रुमाल हल्लाउँथ्यौँ । त्योचाहिँ हामी यहाँ आइपुग्यौँ भन्ने संकेत थियो । त्यसवेला गाउँमा चामलको अनुहार देखिँदैनथ्यो । गाउँमा ढिँडो च्याँख्ला मात्रै हुन्थ्यो । तर, तरुनी र तन्नेरी थुनेपछि चामलको भात र मासु नै खुवाउनुपर्थ्यो ।

तर, हाम्रो परिवार गरिब थियो । हाम्रो गाउँमा चामल-मासु हुँदैनथ्यो । एकपटक तीनजना साथीहरूले तरुनी थुन्यौँ । गीत गाउँदा-गाउँदै मायाप्रेम बस्यो । गाउँबाट दुई माना चामल खोजेर ल्यायौँ । मासुभात पकाएर खुवाइयो । उनीहरूले हामीलाई पनि दुई-तीन दिन थुनेका थिए । त्यसको भारा तिर्न पनि हामीले थुन्नुपर्थ्यो । कुखुरा चोरेर ल्याएर भए पनि मासुभात खुवाउनुपर्थ्यो । सँगै गीत गाइन्थ्यो । छुट्ने वेला आँखाबाट आँसु आउँथ्यो । उनीहरू पनि रुन्थे, हामी पनि रुन्थ्यौँ । त्यही परिवेशमा एउटा सालैजो गीत यस्तो लेखेको थिएँ :

गोठालो दाइ गोठैमा भैँसी
सालैजो ठेकीमा मोही छैन
छोडेर जान मन मेरो छैन
सालैजो बस भन्ने कोही छैन

यो गीतलाई दुईपटक रेकर्ड गरेको छु । गीतहरू यसरी नै सामाजिक भोगाइबाट जन्मायो । दुर्घटनामा परेपछि मेरो जिन्दगीले अर्को मोड लियो । दुर्घटनामा पर्नुअघि मेरो बुबाआमाको मलाई लाउरे बनाउने सपना थियो । मेरो पनि लाउरे हुने सपना थियो । त्यसवेला मैले अर्को गीत लेखेँ :

आमाले सोधे सन्चै छौ भनी
सालैजो झन् दुःखी बन्नु भो...
फरिया चोलो पुरानो भो
सालैजो नयाँ लेऊ भन्नु भो

यो शब्द संकलन गरेको होइन । मैले आमालाई बिम्ब बनाएर देशप्रेमबारे गीत लेखेको हुँ । मेरा अधिकांश सालैजो भाका मायाप्रेमका छन् । तर, यो प्रगतिशील खालको शब्द समावेश गर्न मन लाग्यो । सन् २००९/१० तिरको कुरा हो, म कार्यक्रमको सिलसिलामा अस्ट्रेलिया गएको थिएँ । त्यसवेला देशको बारेमा कुरा गर्दा आँसु आयो । अस्ट्रेलियाबाट फर्किएपछि गीत बनाएँ । मैले व्यवस्था परिवर्तन हुनुपर्छ भन्ने सन्देश दिन गीत बनाएको हुँ ।

बर्खाको मासमा ढोरपानको फाँटमा
सालैजो बुकी फुल्यो ढकमक्क ...

मैले यो गीत बाल्यकालमा भेडागोठमा जाँदाको सम्झनालाई शब्दमा उतारेको छु । यो निकै रमाइलो गीत छ । बाग्लुङको ढोरपाटनको फाँटमा बुबा र दाइसँग भैँडीगोठ जान्थेँ । बाल्यकालमा भोगाइलाई नै गीत बनाएँ ।




खच्चरबाट सामान ओसार्दै स्थानीय





मुर्मा टपबाट देखिएका हिमाल





मुर्मा टपबाट रारा नियाल्दै आन्तरिक पर्यटक



फोटो कथा

सुन्दर, शान्त रारा

● शब्द/तस्बिर : **संजित परियार**



रारामा घोडसवार आन्तरिक पर्यटक

साप्ताहिक राशिफल

२४ **चैत** (शनिबार) - ३० **चैत** (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो** : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

आर्थिक क्षेत्र सबल रहनेछ । व्यापारबाट राम्रो फाइदा हुनेछ । भौतिक साधनको जोहो हुनाका साथै मनोरञ्जनात्मक क्रियाकलापमा सक्रिय हुने अवसर जुट्नेछ । वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । साताको अन्त्यमा घरायसी समस्याका कारण घरबाहिर जानुपर्ने सम्भावना देखिन्छ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

लामो दूरीको आकस्मिक यात्राको सम्भावना रहेको छ । मनमा निराशा र विरक्तिभाव जाग्नेछ । बिहीबारपछि नयाँ योजना कार्यान्वयन गर्ने र दीर्घकालीन योजना बनाउने समय हो । कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने समय छ । पढाइमा प्रगति हुनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

आर्थिक रूपमा सबल हुनुहुनेछ, कारोबारमा गतिशीलता आउनेछ र व्यवसायबाट लाभ हुनेछ । मायाप्रेमका लागि समय जुट्नेछ । पठनपाठनमा प्रगति हुनेछ । बिहीबारपछि कृषिक्षेत्रबाट बेफाइदा हुनेछ । साताको अन्त्यमा उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

मातापिताको आशीर्वादले नयाँ कार्य प्रारम्भ हुनेछ । कृषि तथा पशुपालनका क्षेत्रमा सोचेअनुसार लाभ हुनेछैन, धनसंग्रहका क्षेत्रमा बाधा छ, झर्कोलाग्दो यात्राको योग छ । समयलाई उपयोग गर्न सके राम्रो फाइदा लिन सकिनेछ । साताको अन्त्यमा काम गर्न जाँगर चल्नेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सुखसुविधा र मनोरञ्जनमा भुलिने समय छ । धार्मिक, सामाजिक वा सांस्कृतिक काममा खट्नु पर्नेछ । प्रशंसा र शुभ कुराको संकेत प्राप्त हुनेछ । परोपकार र धार्मिक क्षेत्रमा लगानी गरेमा अझ राम्रो हुनेछ । साताको अन्त्यमा व्यापार र व्यवसायमा सोचेबमोजिम काम नबन्न सक्छ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको प्रारम्भमा मुद्दामामिलाभन्दा टाढै बस्नु उचित हुनेछ । व्यावसायिक क्षेत्रमा फेरबदल हुने योग रहेको छ । आम्दानीमा कमी आउनेछैन । प्रतिस्पर्धीमाथि विजय प्राप्त हुनेछ । धैर्यधारण गरी परिश्रम गर्ने समय हो । विगतमा भएका राम्रा क्रियाकलापको स्मरण हुनेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

मनोरञ्जनात्मक क्रियाकलापबाट हानि पुग्ने सम्भावना छ । धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ । रोकिएको काम बनेको समाचार सुन्न पाउने सम्भावनासमेत छ । आफन्त वा साथीभाइले निःस्वार्थ भावले सहयोग गर्नेछन् ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

अनावश्यक यात्रा तथा किसिम-किसिमका समस्यासित जुध्नु पर्नेछ । लेनदेनमा विवाद हुनेछ । व्यावहारिक हानि हुनेछ, होस राख्नोस् । साताको अन्त्य सकारात्मक रहनेछ, इष्टमित्रले तपाईंको प्रशंसा गर्नेछन् । परोपकारका क्षेत्रमा आकर्षण बढ्नेछ । अप्रत्यासित काम बन्ने योग छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

घरपरिवारमा रमाइलो जमघट हुनेछ । गर्न लागेको काममा सबैले साथ दिनेछन् । प्रशासनिक र राज्यपक्षबाट हुनुपर्ने काममा सफलता प्राप्त हुनेछ । शुभ समाचारको आगमनले मन प्रसन्न रहने समय छ । शत्रु पराजित हुनेछन् । यश, सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सुरुमा घरपरिवार र छरछिमेकमा असमझदारी बढ्न सक्छ । घरपरिवारबाट पनि आवश्यक सहयोग मिल्नेछैन । परिश्रम गर्दा पनि सोचेजस्तो उपलब्धि हात पर्नेछैन, मिहिनेत र परिश्रम व्यर्थै खेर जान सक्छ । बुधबारपछि बौद्धिक र लेखन कार्यमा सफलता प्राप्त हुनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

अर्थलाभका अवसर आउनेछन् । राजनीतिक चासो पनि बढ्नेछ । तीर्थव्रत तथा देवालयको भ्रमण हुन सक्छ, बिहीबारपछि परिवारमा मतभेद हुनेछ । झैझगडा र मुद्दामामिलाभन्दा टाढै बस्नु उचित हुनेछ । प्रतिकूल परिस्थितिले पछ्याउनेछ । सानातिना कामको झमेला आउन सक्छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

दार्शनिक र आध्यात्मिक विषयवस्तुप्रति आकर्षित हुनुहुनेछ । भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुने सम्भावनासमेत छ । बुधबारपछि आफूले ताकेअनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । साताको अन्त्यमा घरपरिवारमा खुसीको वातावरण सिर्जना हुनेछ ।

समीक्षा



● डा. चन्द्रमान श्रेष्ठ

साहित्यिक खोज-अनुसन्धानमा निरन्तर क्रियाशीलताको पर्याय बनेका जीवन जीवन्त आफ्ना समालोचनात्मक चेत र कार्यका माध्यमबाट नेपाली भाषा साहित्यमा परिचित छन् । समालोचनामा पनि आख्यान विधाको मन्थनमा रमाउँछन्, जीवन्त । उपन्यास विधामै विद्यावारिधि गरेका जीवन्त सिर्जनात्मक क्षेत्रमा 'चरैवेति' उपन्यास लिएर आमपाठकमाझ आएका छन् । अरूको उपन्यासमा सूक्ष्म दृष्टि प्रक्षेपण गरेर मिहिन विश्लेषण गर्ने जीवन्तको उपन्यास कस्तो होला भन्ने जिज्ञासा आमपाठकमा रहनु स्वाभाविक नै हो । पाठकको जिज्ञासालाई शमन गर्दै 'चरैवेति' उपन्यासमार्फत जीवन्त आफूलाई एक कुशल उपन्यासकारका रूपमा स्थापित गर्न सफल बनेका छन् ।

'चरैवेति' शब्दले निरन्तरको गतिशीलता भन्ने अर्थ दिन्छ । शीर्षकले जस्तै ज्ञान र जीवनको गतिशीलतामा जोड दिन्छ, 'चरैवेति' उपन्यासले । मानिस आफूले प्राप्त गरेको उपलब्धिमा सन्तुष्टि मानेर कहिल्यै बसेन र बस्दैन पनि । मानव सभ्यताको आजको उच्चतम रूप त्यसैको परिणति हो । वेदान्त दर्शनको सार छ- ब्रह्म सत्यम् जगत् मिथ्या । त्यही सत्यको अन्वेषणमा उद्यत छ, मानव जीवन । यद्यपि आफूले प्राप्त गरेको आंशिक सत्यलाई नै पूर्ण सत्य मानेर आफ्नो साम्राज्य खडा गरिरहेछ मानिस- राष्ट्र, धर्म, जात र भाषाका नाममा । ऊ आफ्नो प्रभुत्व स्थापित गर्न अरूको



मुर्मा टप



रारामा घोडा चर्दै



रारा ताल





मुर्मा गाउँ



मुर्मा टपमा रमाउँदै आन्तरिक पर्यटक

वरिपरि हिमशृंखला र पहाडले घेरिएर बसेको छ नेपालकै सबैभन्दा ठूलो ताल रारा । कर्णाली प्रदेशको मुगु जिल्लामा रहेको यो ताल समुद्र सतहदेखि करिब दुई हजार नौ सय ७२ मिटरको उचाइमा छ । सन् २००८ मा रामसार क्षेत्र घोषणा गरिएको रारा ताल १०.८ किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यसको औसत लम्बाइ पाँच किलोमिटर र चौडाइ तीन किलोमिटर छ भने गहिराइ १६७ मिटर छ । राराको सौन्दर्य हेर्नका लागि मानिस बाह्रै महिना यहाँ पुग्ने गर्छन् । हिउँदको समयमा रारा ताल हिउँले भरिन्छ । वर्षामा हिउँ पग्लेर फूलैफूलले ढाक्छ । यसको सौन्दर्यमा मन्त्रमुग्ध हुनका लागि सबैभन्दा उपयुक्त ठाउँ हो मुर्मा टप । समुद्री सतहदेखि करिब तीन हजार आठ सय मिटरको उचाइमा अवस्थित मुर्माटपबाट रारातललाई पूरै नियाल्न सकिन्छ । मौसम खुलेको वेला वरिपरि रहेका हिमाल, निलो र शान्त रारा तालका साथै बोनसको रूपमा सुदूरपश्चिमका ६ वटा जिल्ला मुर्मा टपबाट देख्न सकिन्छ ।

रारा तालबाट मुर्माटप पुग्न दुई घन्टाको पैदल दूरी पार गर्नुपर्छ भने हिँड्न नसक्नेका लागि घोडाबाट डेढ घन्टामा पुगिन्छ । ताल रारा राष्ट्रिय निकुञ्जभित्र पर्ने भएकाले सवारीसाधन निषेध गरिएको छ । तालमा पुग्न मिली चौरदेखि पैदल हिँड्नुपर्छ । मिली चौरदेखि पैदल हिँडेको ३० मिनेटमै तालको छेउ पुग्न सकिन्छ । तालको छेउमा पुगेपछि त्यहाँको दृश्यले सबै थकान मेटाउँछ । नीलो, शान्त र सुन्दरताले भरिपूर्ण राराको किनारै-किनारै हिँड्ने हो भने करिब पाँच घन्टामा एक फेरो मार्न सकिन्छ । विभिन्न कोणबाट राराको सुन्दरताका अलावा निकुञ्ज क्षेत्रको जंगलमा रहेका रूख र यहाँ पाइने चराचुरुंगीको आवाजले जो कसैलाई आह्लादित बनाइदिन्छ । प्रकृतिको काख सुन्दर शान्त रारा पुग्न दुई विकल्प छन् । पहिलो, कर्णालीको सदरमुकाम सुर्खेतदेखि दुई दिन गाडीको यात्राबाट रारा पुग्न सकिन्छ । दोस्रो, नेपालगन्जदेखि ४० मिनेटको हवाई यात्रापश्चात् ताल्चा विमानस्थलमा अवतरण गरी दुई घन्टाको पैदल यात्राबाट रारा पुग्न सकिन्छ ।

गर्मीको साथी कागती र बाबरी

विदेशमा दुई पत्ता बाबरीको ५० रुपैयाँ तिरें । त्यसवेला मैले आफ्नो बारीमा फलेको बाबरीको बोट सम्झें ।

स्वास्थ्य



● डा. अरुणा उप्रेती



कागती गर्मी जाडो जुनसुकै मौसममा पाइन्छ । यो फललाई तातोचिसो जुन पदार्थमा मिलाएर खाए पनि हुन्छ । स्वाद र स्वास्थ्यको दृष्टिकोणले पनि यो अति राम्रो फल हो । म सानो छँदा २५ पैसामा एउटा कागती पाइन्थ्यो । अहिले १५ रुपैयाँ पर्छ । म व्यक्तिगत रूपमा कागतीलाई 'औषधिको डल्लो' भन्छु । बिहान उठ्नेबित्तिकै चिनी नहालेको कागती चिया खान्छु । दालमा मिलाएर खान्छु । यसैले मैले कहिले पनि भिटामिन 'सी' को गोली त खानै परेको छैन । कागतीमा पाइने एउटा महत्त्वपूर्ण तत्त्व हो भिटामिन 'सी' । भिटामिन 'सी'को महत्त्वको बारेमा अहिले त धेरैजनाले थाहा पाइसकेका छन् ।

विज्ञानले पुष्टि गरेको छ कि भिटामिन 'सी'ले रोग प्रतिरोधात्मक क्षमता प्रदान गर्छ । हाम्रो भान्छामा खाइने अचार पनि भिटामिन 'सी'ले युक्त हुन्छ । गर्मी सुरु हुने वेलामा अक्षय तृतियामा कागतीको सर्बत र जौको सातु खान दिने हाम्रा पुर्खाले चलाएका चलन पनि कागतीको महत्त्व बुझेर नै होला । गर्मीको वेलामा कागतीसँग सातु पिउँदा पेट भरिन्छ र गर्मीको वेलामा हुने विभिन्न पेटको गडबडीबाट पनि बचाउँछ । गर्मीमा शरीरलाई चाहिने ऊर्जा पनि पर्याप्त दिन्छ ।

हप्तामा दुई-तीनचोटि मेरो बिहानको खाना वा खाजा नै जौको सातु र कागतीको सर्बत हुन्छ । तर, अपशोच सातु र कागती सर्बत पिउने प्रचलन हराउँदै गएर आजकाल त अक्षय तृतीयाको दिनदेखि जन्म दिनमा पनि स्वास्थ्यलाई हानि गर्ने फलफूलको नक्कली रस, चिसो पेय पदार्थ खाइन्छ । यसले नेपाली संस्कृतिलाई नष्ट गर्छ, स्वास्थ नष्ट गर्छ, पैसा नष्ट गर्छ । यस्तो चलन कम गर्न यस्तो नक्कली रसको सट्टा कागतीको रस प्रयोग गर्नुहोस् । तर, मैले देखेकी हुँ कति स्वास्थ्यका बारेमा लेख्ने पत्रकार पनि बट्टाको जुस खान्छन्, कागती सर्बत पिउँदैनन् । नेपालको प्रायः सबै ठाउँमा कागती फल्छ । विभिन्न प्रकारको कागतीको स्वाद भिन्दै भए पनि पौष्टिकता भने सबैमा हुन्छ । कागतीको महत्त्व कति छ भन्ने कुरा आयुर्वेद कितावमा लेखिएको छ । 'कागती र अदुवा दिनदिनै खाने व्यक्तिको घरमा रोगले प्रवेश पाउँदैन ।'

नेपालमा महिलाहरूलाई रगतको कमी भयो भनेर अनेक औषधि दिइन्छ । तर, कागतीमा रहेको भिटामिन 'सी'ले भोजनमा रहेको लौह तत्त्वलाई शोषण गर्नमा मद्दत गर्छ भन्ने कुरा प्रायः विचार गरिन्न । कतिपय स्वास्थयकर्मीले रक्त अल्पता भएका महिलाहरूलाई भिटामिन 'सी'को चक्की दिन्छन् र खानासँग खानु भन्छन् । सायदै कुनै स्वास्थकर्मीले कागतीको रस भोजनसँग मिसाएर खानु भन्लान् । 'कागतीको रस मिसाएर' भोजन खाऊ भन्दा औषधि कम्पनीलाई फाइदा हुँदैन र त्यसैले यस्तो जानकारीलाई बढावा दिने चलन छैन । तर, मासको वा कुनै दालसँग कागतीको रस वा गोलभेँडाको अचार खाँदा दालमा रहेको लौह तत्त्व राम्रोसँग सोसिन्छ । फलामको भाँडोमा पकाएको कुनै पनि दाल र तरकारीमा कागतीको रस मिसाएर खाँदा गर्भवती महिलालाई रगतको कमीबाट रोक्न प्रोटिन पनि दिन्छ, महिलाको शरीरमा रगत बढ्छ । साइट्रिक एसिड विभिन्न फलफूलमा पाइन्छ भनेर १७औँ शताब्दीमा पत्ता लागेको हो । शरीरको अतिरिक्त क्रियाकलापहरूलाई सुचारु गर्न यो एसिडको महत्त्व छ र कागतीमा यो सहजै पाइन्छ । हामीले भिटामिन 'सी' र साइट्रिक एसिडले भरिपूर्ण कागतीको प्रयोग धेरै गर्थ्यौँ होला यदि कागती विदेशबाट प्याकेटमा आउने र ठुल्दूला पसलमा महँगोमा बेचिने भएको भए । तर, फुटपाथमा वा तरकारी पसलमा जतातै पाइने हुनाले सायद यसलाई हेपिएको होला । हेपिए पनि पहिलेको भन्दा त यो महँगो भएको छ । अहिले त २५ रुपैयाँमा तीनवटा कागती पाइन्छ ।

आजकाल कागतीको रस हालेर चिया, सर्बत पिउने र पाहुनालाई सत्कार गर्ने चलन बढेको छ । गर्मीको वेलामा पनि स्वस्थ्यकर कागतीको सर्बत दिन हामी हिचकिचाउनु पर्दैन । बालबालिकालाई पनि बट्टाको 'जुस' होइन, कागतीको सर्बत दिने गरौँ । कागतीको रसको प्रयोगले दाँतको गिँजाबाट रगत बग्ने समस्यालाई कम गर्न पनि मद्दत गर्छ । त्यसैले गर्भवतीलाई कागती खाने सल्लाह दिने चलन गाउँघरमा अझै छ । रुघाखोकी लाग्दा कागती

> हिजोआज कागतीको रस हालेर चिया, सर्बत पिउने र पाहुनालाई सत्कार गर्ने चलन बढेको छ । गर्मीको वेलामा पनि स्वस्थ्यकर कागतीको सर्बत दिन हामी हिचकिचाउनु पर्दैन । बालबालिकालाई पनि बट्टाको 'जुस' होइन, कागतीको सर्बत दिने गरौँ । कागतीको रसको प्रयोगले दाँतको गिजाबाट रगत बग्ने समस्यालाई कम गर्न पनि मद्दत गर्छ ।

पानी र मह खानुपर्छ भनेर धेरैजनाले थाहा पाएका छन् । तर, कागतीलाई दैनिक भोजन मै प्रयोग गरियो भने रोग प्रतिरोधात्मक शक्ति बलियो हुन्छ र हरेकचोटि मौसम बदलिँदा रुघाखोकी लाग्न कम हुन्छ भन्ने पनि थाहा पाउनुपर्छ । गाउँघरमा गर्भवती महिलालाई वाकवाक लाग्दा कागती र नुन खानु भनेर सल्लाह दिइन्छ र यसले वास्तवमा नै वाकवाक कम गर्छ । कागतीलाई नुनमा मोलेर घाममा राखिन्छ, यसलाई 'सकेतो' भनिन्छ । तर सहरमा यस्तो सल्लाह दिने व्यक्ति छैनन् र महिलालाई वाकवाक आयो भने तुरुन्तै औषधि नै दिइन्छ । सहजै पाइने कागतीको रसको त वास्ता नै हुँदैन । विश्व स्वास्थ्य संगठनले समेत परम्परागत ज्ञानको बारेमा लेखेको छ भने अब त बोल्न हिचकिचाउनु पर्दैन ।

कागतीको प्रयोगले कब्जियतबाट पनि बचाउँछ । जाडोको वेलामा कागतीको रस मन तातो पानीमा हालेर खान दिने चलन हाम्रा बज्यैहरूले पहिलादेखि नै ल्याएका हुन् । मुख गन्हाउने व्यक्तिको यदि दाँतसम्बन्धी अन्य रोग छैन भने कागतीको रस र तातो पानीले फाइदा गर्छ । कागती पानीले कुल्ला गरेपछि पुनः पानीले एकचोटि कुल्ला गर्नुपर्छ ताकि कागतीको अमिलोले दाँतमा असर नपरोस् ।

'कागतीको रसले हैजाको कीटाणु वृद्धि हुनबाट रोक्छ' भनेर नेपालमा गरिएको एक अनुसन्धानले भनेको छ । 'नेपाल एकेडमी अफ साइन्स एन्ड टेक्नोलोजी'बाट गरिएको यो अनुसन्धानको व्यावहारिक प्रयोग भएन । साधारण मानिसहरूको जानकारीका लागि बाहिर आएन । 'गर्मीको वेला कागतीको प्रयोग उचित हुन्छ' भनेर नीति बनाउने र अनुसन्धान गर्नेले कतै बोलेनन् ।

कागतीको रसले फाइदा गर्छ नै । तर, कागतीको रस प्रयोग गर्ने व्यक्तिले पनि कागतीको बोक्राचाहिँ फ्याँक्छन् । कागतीको बोक्रा पनि स्वास्थ्यका लागि लाभदायक छ । कतिचोटि त हामी रिसाएको व्यक्तिलाई भन्छौँ, 'रस निकालेको कागतीको बोक्राजस्तो अनुहार ।' तर, कागतीको बोक्राको कति महत्त्व छ भन्ने थाहा भएपछि यो वाक्य भनिँदैन होला ।

केही अनुसन्धानले कागतीको बोक्राको नियमित प्रयोगले कब्जियतको समस्या समाधान गर्छ भनेर देखाएको छ । कागती धोएर काटेर रस निकालेपछि बोक्रालाई सानो सानो टुक्रा पारेर सलादमा हालेर खान सकिन्छ । म कागतीको बोक्रा टुक्राटुक्रा पारेर चियामा नै हालेर खान्छु । यदि तितो स्वाद मन पर्दैन भने कागतीको बोक्रालाई सिसीमा नुन हालेर केही दिन घाममा राखेपछि त्यो बोक्रा अचारमा बदलिन्छ । भात, रोटी खाँदा दालमा हालेर पनि खान सकिन्छ । कागतीको रस, बोक्रा सबै स्वास्थ्यका लागि अति लाभदायक छ । गर्मी र जाडो दुवै समयमा चिसो पेय पदार्थ र फलफूलको जुसको सट्टा कागतीको सर्बत पिउने बानी बसाए राम्रो हुन्थ्यो ।

कागतीसँगै गर्मीमा प्रयोग गर्नुपर्ने बाबरी वा पुदिना हो । पाँच वर्षअघि अमेरिकामा मैले धेरै महँगोमा 'बाबरी' (पुदिना) किन्नुपऱ्यो । खाजा खान गएको एक ठाउँमा खैरो पाउरोटी, अन्डा, चिज आदि लिएर खान बसेँ । एउटा मेसिनमा पानी राखिरहेको थियो, त्यसमा पुदिनाको पात तैरिरहेको थियो । त्यो त सित्तैमा होला भनेर गिलासमा पानी लिएँ, दुईवटा पुदिनाका पात झारेँ । टेबलमा बस्न लागेको वेलामा साहुनीले भनिन्, 'त्यो पानीको ५० सेन्ट (नेपाली ५० रुपैयाँ) पर्छ ।' 'यतिका खानेकुरा लिएपछि त पानी त सित्तैमा हुनुपर्ने होइन र ?' मैले जिस्केर भनेँ । साहुनीले भनिन्, 'पानी त सित्तैमा हो । पैसा त बाबरीको पो लिएको ।'

दुई पत्ता बाबरीको ५० सेन्ट तिर्ने । त्यसवेला मैले आफूनो बारीमा फलेको बाबरीको बोट सम्झें । बाबरीको (मधेश तिर पुदिना पनि भन्छन्) अचार बनाएर खाने चलन त पहिलेदेखि नै हो, तर पानीमा हालेपछि बाबरीको पानी नै त्यति महँगो हुन जाँदो रहेछ । तर, 'नजिकको तीर्थ हेला' भनेझैं पुदिनाको त्यति धेरै पैसा पर्छ भनेर सोचेकै थिइनँ ।

गर्मीको वेला पानीमा पुदिनाको पात हालेर खाए हुन्छ । जुन तरिकाले खाएपनि राम्रो गर्छ । अहिले म कागतीमा बीरेनुन र पुदिना हालेर हप्तामा चार-पाँचपटक खान्छु । मोहीमा पिसेर पनि खान्छु । यसले शरीरमा स्फूर्ति दिएको अनुभव गरेकी छु । पानीमा बाबरी र कागतीको टुक्रा भिजाएर राख्छु र दिनभरि त्यही पिउँछु । त्यसैले म भन्छु, 'गर्मीको साथी कागती र बाबरी ।'

गतिशील ज्ञानको मार्गमा 'चरैवेति'

अस्तित्व र पहिचानमाथि बलात् हस्तक्षेप गर्न उद्यत् रहन्छ र आफ्नो ज्ञानलाई नै सत्य ठानेर भ्रमको साम्राज्य खडा गर्नमा अलमलिइरहेको छ । यिनै भ्रमबिच रुमलिएको एउटा पात्रको ज्ञान र सत्यको खोजको निरन्तर क्रियाशीलता नै 'चरैवेति' उपन्यास हो । परिवार, समाज, धर्म र संस्कृतिभित्रको स्वार्थको राजनीतिबाट प्रताडित बनेको चरित्रको जीवन्त कथा हो, 'चरैवेति' उपन्यास । अशिक्षा र अचेतनाको अन्धकारमा पलाएको आस्था र विश्वास शिक्षा र चेतनाको उज्यालो छर्रिँदै जाँदा क्रमशः कमजोर बन्दै गर्ल्यामगुर्लुम ढल्न पुगेको र जीवनको पूर्ण सत्यको खोजीमा निस्किएको पात्रको कथा हो, 'चरैवेति' ।


बाइबललाई केन्द्रमा राखेर लेखिएको 'चरैवेति' उपन्यासमा आफ्नै पारिवारिक यथार्थलाई लेखकीय कल्पनाशीलताको जलप लगाई आफ्नो ज्ञान र बौद्धिकताले कलात्मक बुट्टा भर्ने काम गरेका छन्, उपन्यासकार जीवन्तले । धनकुटा जिल्लाको छ नम्बर बुधबारेबाट इलामको चुलाचुली बसाइँ झरेको आफ्नै परिवारको कथालाई उपन्यासको पृष्ठाधार बनाएका जीवन्तले बाइबललाई भौतिकवादी दृष्टिले हेरेका छन् । उपन्यासमा बाइबलप्रतिको आस्था र विश्वास मात्र छैन, त्यहाँ देखिएका अनेक विरोधाभासलाई प्रस्तुत गर्दै आलोचनात्मक चेत पनि प्रस्तुत गरिएको छ । आध्यात्मिक ग्रन्थ बाइबललाई भौतिकवादी दृष्टिले हेर्दा अनेकौँ प्रश्न उठ्नु स्वाभाविक नै हो । प्रारम्भमा बाइबलप्रति अगाध आस्था र विश्वास बोकेको म पात्रका बुबा ज्ञानको क्षितिज फराकिलो भएसँगै बाइबलका अनेक विरोधाभासपूर्ण सन्दर्भमा प्रश्न उठाउँछ र अन्त्यमा उसको बाइबलप्रतिको विश्वास नै टुट्न पुग्छ । अन्ततः ऊ कुनै पनि धर्मद्वारा प्रतिपादित विचार एकाङ्गी र अपूर्ण रहेको निष्कर्षमा पुगी ज्ञान-सत्यको खोजीमा निस्कन्छ । यही नै चरैवेति उपन्यासको मूल कथ्य हो ।

क्रिस्चियन धर्मको प्रचारले आफ्नो पहिचानमाथि नै प्रहार गरिरहेको तथ्यप्रति भने दलित तथा आदिवासी जनजाति समुदाय सचेत हुनुपर्ने विचार उपन्यासमा प्रस्तुत भएको छ ।

उपन्यासले नेपालको सदूरपूर्वको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, राजनीतिक इतिहासलाई प्रस्तुत गरेको छ । उपन्यासमा धनकुटाको छ नम्बर बुधबारेबाट तराई झरी इलामको चुलाचुलीमा झोरा फाँडेर बसोवास गर्न आइपुगेको म पात्रका बुबाका माध्यमबाट किराँत क्षेत्रको किपट व्यवस्था र त्यसको अन्त्यको कथा पनि प्रस्तुत गरिएको छ ।

पहिलो संस्करण भएकाले भाषिक त्रुटिहरू पनि छन् । उपन्यासको आरम्भ र मध्य खण्डको तुलनामा उपसंहार खण्ड निकै नाटकीय बनेको छ । शत्रुतापूर्ण व्यवहारको चरमोत्कर्षमा रहेका दाजु-भाइहरूको पुनर्मिलन त्यति स्वाभाविक लाग्दैन । यस्तै, उपन्यासको समाख्याताको रूपमा रहेको शिक्षित र बौद्धिक वर्गको म पात्र र बाइबल पढ्नकै लागि कखरा सिकेको उसको बुबाले लेखेर छाडेको डायरीको भाषामा खासै भिन्नता देखिन्न । यसले विषयवस्तुको विश्वसनीयतामा कमी ल्याएको छ । उपन्यास विधाको गम्भीर अध्येताको छवि बनाएका जीवन जीवन्तले यस्ता कमजोरीमा ध्यान पुऱ्याउन सकेको भए 'चरैवेति' उपन्यास अझ उत्कृष्ट बन्ने थियो । यस्ता केही कमजोरीहरू भए पनि 'चरैवेति' उपन्यासले नेपाली उपन्यास जगत्मा नवीन कथ्यलाई स्थापित गरेको छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra





आत्मसमीक्षा

रवीन्द्रसिंह बानियाँ, **चलचित्रकर्मी**

फिल्म बनाउनेसँग बुद्धि हुँदैन भन्ने लाग्थ्यो, होइन रहेछ

नयाँ कलाकार, नयाँ भाषा र नयाँ ठाउँ हुँदैमा फिल्म नयाँ नहुने रहेछ

नेपाली फिल्म जगत्का परिचित अभिनेता हुन्, रवीन्द्रसिंह बानियाँ । उनले 'सेतो सूर्य,' 'टलकजंग भर्सेस टुल्के,' 'पशुपति प्रसाद,' 'जात्रा', 'जात्रैजात्रा', 'महाजात्रा'जस्ता सिनेमाबाट दर्शकको निकै राम्रो माया पाएका छन् । यीमध्ये कतिपय फिल्ममा उनी निर्माताको भूमिकामा पनि थिए । अब्बल अभिनेता र निर्माताको परिचय बनाएका बानियाँले **पवन बराइली**सँग आफ्नो सिनेयात्राको आत्मसमीक्षा यसरी गरे :

सिनेकर्ममा लागेको झन्डै २४ वर्ष भयो । फिल्ममा अभिनेता र निर्माताको रूपमा काम गर्छु । यही कर्ममा 'इन्जोय' गरिरहेको छु । जीवनमा मैले कलाकार बन्छु भन्ने सपना देखेको थिएनँ । स्कुल पढ्दा कक्षामा सरले नाम सोध्दा पनि उठेर आफ्नो नाम भन्न सक्दिनथें ।

मैले ०५४ सालमा एसएलसी पास गरें । त्यसवेला स्कुलबाट म मात्रै पास भएँ । स्कुल 'निल'जानबाट जोगाएँ । मेरो पढाइ ठिकै थियो । जीवनमा 'क्लियर' लक्ष्य पनि थिएन । घरमा पनि यही बन्नुपर्छ भन्ने कुनै दबाब थिएन । मेरो बुबा नेपाल आर्मीमा हुनुहुन्थ्यो । बुबा आर्मी भएकाले मलाई पनि आर्मीमा जागिर खान सजिलो हुन्थ्यो होला । तर, त्यतिवेला देशमा युद्ध चर्किएकाले मलाई घरबाट आर्मीमा पठाउन मानेनन् ।

२०५६ सालमा 'करिअर' खोज्न काठमाडौं आएँ । काठमाडौंमा आएर पनि जागिर खाने दबाब पनि थिएन । घरमा बुबाको पेन्सन आउँथ्यो । खर्च बुबाले दिनुहुन्थ्यो । एकदिन मेरो मामा (जेवी रुवाली)ले बागबजारमा परिवर्तन नेपाल भन्ने संस्थाले निःशुल्क अभिनय सिकाउने भन्ने थाहा पाउनुभएछ । म त्यहीं जोडिएँ । त्यसवेला हामी हरिश सिग्देल (आर्यन सिग्देल), शंकर बिसी, बाबुराम बोगटी (बाबु बोगटी), आशान्त शर्मालगायत थियौं । ६ वर्षसम्म हामीले देशका विभिन्न ठाउँमा सडक नाटक मञ्चन गर्‍यौं ।

परिवर्तन नेपालमा नाटक गर्दागर्दै राष्ट्रिय नाचघरमा गएँ । त्यहाँ पनि मैले अभिनयको प्रशिक्षण लिएँ । बिस्तारै साथी-संगत बढ्दै गयो । त्यतिवेला सुनील पोखरेल सरले गुरुकुल खोल्ने तयारी गर्दै हनुहुन्थ्यो । तर, गुरुकुलमा बस्न तीन वर्षसम्म कमिटमेन्ट गर्नुपर्ने रहेछ । गुरुकुलमा बसेपछि बाहिर काम गर्न नपाइँने नियम थियो । राष्ट्रिय नाचघरमा नाटक महोत्सव हुन्थ्यो । म राष्ट्रिय र क्षेत्रीय नाटक महोत्सवमा भाग लिन्थें । त्यसवेला पाँच/६ सय रुपैयाँ आउँन थाल्थ्यो ।

मेरो त्यस्तो समय आयो, अब नाटक छोड्ने कि अघि बढाउने ? एक-दुईवटा पत्रिकामा नाम पनि आइसकेको छ । मलाई ठूलो धर्मसंकट पर्‍यो । त्यसपछि मैले खगेन्द्र लामिछानेसँग सल्लाह गरें । मेरो खगेन्द्रसँग नाटक गर्ने दौरानमा चिनजान भइसकेको थियो । नाटकमै लागौं भन्ने सोच बनाएँ ।

उता गुरुकुलमा नाटकका वर्कसप भइरहन्थे । म पनि वर्कसपमा सहभागी हुन्थें । मैले एकदिन गुरुकुलमा नाटक वर्कसपमा जाँदा नाटकको मार्केटिङ गर्नेबारे योजना बताएँ । त्यसपछि सुनील सरले अब तिमी गुरुकुलको मार्केटिङ हेर्छौ र नाटक पनि खेल्छौ भन्नुभयो । त्यसपछि गुरुकुलमा म स्टाफको रूपमा काम गर्न थालें । नाटक मञ्चनअघि सडक-सडकमा नाटकको पोस्टर टाँसेर हिँडियो । सडकको भित्तामा पोस्टर टाँस्दा पनि निकै ठूलो 'सान' हुन्थ्यो । चाउचाउको पोस्टर टाँसेको हो र ? नाटकको पोस्टर पो टाँसेको हो त भन्ने लाग्थ्यो ।

गुरुकुलमा दर्जनौं नाटकमा अभिनय गरें । त्यसपछि सन् २००९ मा थिएटर व्यवस्थापन पढ्न लन्डन गएँ । तर, लन्डनमा लामो समय बस्न सकिएन । गुरुकुल नै पढ्ने सोचले फेरि फर्किएँ । तर, त्यसवेलासम्म गुरुकुल बन्द हुन लागिसकेको रहेछ । अन्ततः बन्द नै भयो । गुरुकुल भत्किएपछि सबैजना मुखामुख गरेर बस्यौं । बस्ने घर नै भत्कियो । गुरुकुल बन्द भएपछि कहाँ जाने भन्ने भयो । त्यतिवेला हाम्रो सपना नै गुरुकुल थियो । गुरुकुलमा हुँदा पैसाको दुःख थिएन ।

काम के गर्ने अन्योलमा थिएँ । त्यतिवेला खगेन्द्र लामिछाने बिबिसी नेपाली सेवामा 'कथा मिठो सारंगीको' रेडियो नाटकमा काम गर्थ्यो । म पनि 'कथा मिठो सारंगीको' नाटकमा प्रोड्युसरको रूपमा छानिएँ । काम गर्ने दौरानमा खगेन्द्र लामिछाने र मेरो भेट बाक्लो हुन थाल्यो । त्यसपछि हामीले 'टलकजंग भर्सेस टुल्के' फिल्म बनाउने योजना बनायौं ।

निश्चल बस्नेतले 'लुट'पछि अर्को फिल्म गरेका थिएनन् । उनलाई निर्देशनका लागि कन्भिन्स गर्‍यौं । अब फिल्म डुब्दैन भन्ने पूर्ण विश्वास भयो । म निर्माता बन्छु भन्ने सोचेको पनि थिइनँ । तर, टिम बनाउँदा खगेन्द्र लेखक, निश्चल निर्देशक र म निर्माताको रूपमा काम गर्ने भइयो । जसोतसो पैसा जोरजाम गरेर फिल्म बनायौं । फिल्म व्यावसायिक रूपमा सफल पनि भयो । कलाकार रूपमा फिल्मले हामीलाई स्थापित पनि गर्‍यो ।

फिल्मलाई हेर्ने नजर

'टलकजंग भर्सेस टुल्के' बनाइसकेपछि आफ्नै सर्कल बन्यो । फिल्म खेल्दा मजा पनि आयो । आफूले भन्न खोजेको कुरा भन्न सकिने रहेछ भन्ने महसुस हुन थाल्यो । पुरानो नेपाली सिनेमा हेर्न थालें । त्यसपछि मेरो फिल्मलाई हेर्ने नजर बदलियो । नाटकमा काम गर्दा फिल्म हाम्रो होइन भन्ने लाग्थ्यो । फिल्मको डाइलग पनि मन पर्दैनथ्यो । नाटकमा अर्कै बोलिन्थ्यो जस्तो लाग्थ्यो । नाटकमा काम गर्दा फिल्मकर्मीलाई अर्कै नजरले हेरिन्थ्यो । त्यतिवेला फिल्म बनाउनेहरूलाई

> नाटकमा काम गर्दा फिल्मकर्मीलाई अर्कै नजरले हेरिन्थ्यो । त्यतिवेला फिल्म बनाउनेहरूलाई पत्याइँदैनथ्यो । गुरुकुलको डाँडामा बसेर जीवन दर्शनको गफ गरिन्थ्यो । फिल्मवालासँग जीवन दर्शन हुँदैन, अध्ययन गर्दैनन् भन्ने गफ गरिन्थ्यो । तर, होइन रहेछ ।

पत्याइँदैनथ्यो । गुरुकुलको डाँडामा बसेर जीवन दर्शनको गफ गरिन्थ्यो । फिल्मवालासँग जीवन दर्शन हुँदैन, अध्ययन गर्दैनन् भन्ने गफ गरिन्थ्यो । तर, होइन रहेछ ।

गुरुकुलमा देशका बौद्धिक वर्गको बाक्लो उपस्थिति हुन्थ्यो । देशका ठूला मान्छेहरू सबै आउनुहुन्थ्यो । नेपालका साहित्य, राजनीति सबै क्षेत्रका नाम चलेका मान्छे आउनुहुन्थ्यो । म आफूलाई पनि ठूलै मान्छे जस्तो सम्झिन्थें । यस्ता खत्रा मान्छेहरूसँग कसले भेटेको छ भन्ने लाग्थ्यो । हामीले त्यतिवेला आफूले आफूलाई आत्मसन्तुष्टि दिनलाई फिल्मप्रति 'फेक इमेज' बनाएका रहेछौं । म हिजो फिल्मकर्मीलाई पत्याउँदिनथें । अहिले उनीहरूलाई एकदमै श्रद्धा गर्छु ।

सिनेमा उद्योगलाई यहाँसम्म अघिल्लो पुस्ताले ल्याएको हो । फिल्म राम्रो बन्यो, नराम्रो बन्यो तपसीलका कुरा हुन् । तर, फिल्म त बनिरह्यो नि ! कम्तीमा उद्योग त बाँचिरह्यो । नयाँ पुस्तालाई हाम्रो फिल्म भुर लाग्न सक्छ । तत्कालीन परिस्थितिमा बसेर 'जज' गर्नुहुँदैन । जीवन जगत्बारे थाहा भएन । लेखन भनेको 'इनर ब्युटी' रहेछ । तपाईंभित्र जे छ, त्यही निक्लिने रहेछ ।

तपाईंको जीवनको दर्शन के हो भन्ने कुरा महत्त्वपूर्ण रहेछ । यो 'हाइपोथेटिकल' कुरा होइन । दर्शन भनेको जीवन पद्धति हो । अहिले वर्ल्ड क्लास फिल्म बनाउँछु भनेको सुन्छु । वर्ल्ड क्लास फिल्म बनाउन वर्ल्डमा के-के फिलोसोफी छ ? त्यो फिलोसोफी बुझ्नुपर्ने रहेछ भन्ने लाग्छ । नयाँ कलाकार ल्याएर, नयाँ भाषा लिएर, नयाँ ठाउँमा खिचेर नयाँ फिल्म नहुने रहेछ । हामीले बनाइरहेका फिल्म पनि नयाँ फिल्म होइनन् ।

गुरुकुलमा आठ वर्ष र परिवर्तन नेपालमा ६ वर्ष नाटकमा काम गरें । त्यसवेला धेरै दुःख गरियो । धेरै खटियो । त्यहाँ बढीजसो गफ नै हुन्थ्यो । देख्दा केही गरेजस्तो देखिँदैनथ्यो । तर, जीवनमा गर्ने गफ नै रहेछ । त्यो गफले कुनै दिन राम्रो काम बन्न पनि सक्छ । गुरुकुलमा आएपछि सुनील सरले मेरो संसारलाई हेर्ने नजर नै अर्को बनाइदिनुभयो ।

हिजो मेरो गुरुकुलमा तलब २५ सय रुपैयाँ थियो । सुमो चालकको १३ हजार तलब थियो । त्यसवेला अरु साथीहरूको पनि त्यति नै थियो । बाहिरका मान्छेहरूले तलब सोध्थे । मलाई तलब भन्न पनि लाज लाग्थ्यो । चालककै १३ हजार मेरो तलब आफैं बुझ्नु न भन्थें । पैसामा मात्रै तुलना गरेर हेर्नु नहुने रहेछ । तर, पैसा आओस्-नआओस् यही गर्ने भनेर एकोहोरो लागेर बसें । तपाईं अरूको भलो चिताएर हिड्नुस्, तपाईंको भलो चिताउने मान्छे आउँदा रहेछन् । म अझै पनि 'टलकजंग भर्सेस टुल्के'मा काम गर्दाको समय सम्झन्छु । त्यसवेला काममा इन्जोय गरियो । अहिले म जहाँ छु, त्यो फिल्ममा गरेको दुःखले नै आइपुगेको छु ।

संकटमा केराको विविधता

केराका हजारभन्दा बढी प्रजाति छन्, तर हामी एक प्रजाति मात्रै खान्छौं

खाद्य



● डन सलादिनो

भर्खरै रोममा सम्पन्न 'वर्ल्ड बनना फोरम'को बैठक खासै समाचार बन्न सकेन । तर, त्यहाँ जे कुराबारे छलफल भयो, त्यो कुराले भने गम्भीर सरोकार राख्छ । यो सर्वव्यापी फल हाम्रो आधुनिक खाद्य प्रणालीको संकटको संकेतन पनि हो, जसले हाम्रो खाद्य प्रणाली कति नाजुक छ भनी देखाउँछ । केराको वर्तमान दुर्दशा खाद्य विविधताको सूत्रधार बन्न हामी सबैलाई आह्वान हो ।

यस पहेँलो फलको बोक्रा छोडाउँदै गर्दा तपाईं १० अर्ब डलरको आपूर्ति शृंखलाको अन्तिम उपभोक्ता बनिरहेको बन्नुहुन्छ । यो शृंखलाले उष्णकटिबन्धीय फलको अनन्त परिमाणलाई विश्वभरका सुपरमार्केटका दराजमा सस्तो (औसतमा प्रतिकोसा आठ रुपैयाँ) र तयारी उत्पादनका रूपमा पुऱ्याउँछ । तर, केराको वैश्विक व्यापार करिब-करिब एउटै प्रजातिको केरामा निर्भर छ र यदि कुनै कारणवश यो नासिन थाल्यो भने के गर्ने भन्ने खालको कुनै बनिबनाउ वैकल्पिक योजना वा सुरक्षा जालोको प्रबन्धन छैन ।

यस वर्षको फोरममा सबैभन्दा उल्लेखनीय विषय उद्घाटन भाषणको एउटा सरलतम टिप्पणीमा उठान भयो । संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनका महानिर्देशक डा. क्यु दोङ्युले केराका ज्ञात एक हजारभन्दा बढी प्रजाति भए पनि विश्व किन 'क्याभेन्डिस' नामक एउटा प्रजातिमा मात्र यतिसारो निर्भर रहेको भनी प्रश्न गरे । उनले हामी सबै नै यो समस्याको हिस्सा भएको औंल्याउँदै यसलाई परिवर्तन गर्न आवश्यक रहेको बताए ।

प्रायजसो मानिसले आफूले खाएको हरेक केरा किन उस्तै देखिन्छ र स्वाद पनि किन उस्तै हुन्छ भनेर प्रश्न गर्दैनन् । हामीमध्ये धेरैले भेनिला आइसक्रिमको स्वाद अनि नरम र चिल्लो बोक्रायुक्त इन्डोनेसियाको 'ब्लु जाभा' वा चिनियाँ केरा चाख्न रुचाउनेछैनौं, जुन यति सुगन्धित हुन्छ कि वासनाकै कारण यसको नाम 'गो सान हेंग' दिइएको छ, जसको अर्थ 'तपाईं यसको सुगन्ध अर्को पहाडबाट पनि थाहा पाउन सक्नुहुन्छ' भन्ने हुन्छ । विश्वव्यापी व्यापार हुने 'केरा' कम लागत र उच्च उपज दिने प्रजातिका मागको परिणामस्वरूप एउटा विशाल मोनोकल्चर उत्पादन बन्न पुग्यो । अन्य थुप्रै बालीमा पनि यही भएको छ । खाद्य प्रणालीमा 'होमोजेनिटी' एउटा जोखिमपूर्ण रणनीति हो, किनकि यसले द्रुत गतिमा बदलिँदो विश्वअनुरूप हाम्रो अनुकूलनको क्षमतालाई कमजोर बनाइदिन्छ ।

बिउबाट उम्रने जंगली केराका विपरीत प्रत्येक क्याभेन्डिस केराको झाङ एक 'क्लोन' हो । अर्थात् प्रत्येक क्याभेन्डिस अर्को क्याभेन्डिसको जरा लिएर त्यसैबाट उमारिन्छ । यसको अर्थ यसको क्रमिक विकास हुँदै जाने कुनै गुञ्जायस छैन । त्यसैले वातावरणमा समयक्रममा उत्पन्न हुने नयाँखाले खतराको अनुकूलन गर्न सक्दैन यसले । क्याभेन्डिस केराको मोनोकल्चरको माध्यमबाट 'पानामा रोग' जसलाई 'फुसारियम विल्ट' पनि भनिन्छ, एसिया, अस्ट्रेलिया, अफ्रिका र हालै, ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्रमा व्यापक रूपमा फैलिँदै गएको छ । केराको यही प्रजाति विश्व केरा व्यापारको ८० प्रतिशतको स्रोत हो । कोदालो वा लुगाफाटाका माध्यमबाट सरी आएका केही बीजाणु मात्र पनि खेतबारीलाई दूषित पार्न पर्याप्त हुन्छ, तब त्यस भूमिमा क्याभेन्डिस हुर्काउन असम्भव हुन्छ ।

यस विनाशकारी रोगको सामना गर्ने एउटा उपाय भनेको आनुवंशिक परिमार्जन वा जीन-सम्पादनको प्रयोग गरी केरामा 'अधिकतम प्रतिरोध'को विकास गर्नु हो । क्विन्सल्यान्ड युनिभर्सिटी अफ टेक्नोलोजीका प्राध्यापक जेम्स डेलले क्याभेन्डिस प्रजातिलाई आक्रमण गर्ने पानामा रोगका भेरियन्टप्रति अत्यधिक प्रतिरोधी हुने गरी क्याभेन्डिसको परिमार्जित संस्करण विकास गर्न दशकौं बिताएका छन् । तर, डेलका अनुसार यो पनि यसको अचुक उपाय होइन । उनको विचारमा खाद्य प्रणालीमा बढीभन्दा बढी विविधता ल्याउनु यसको दीर्घकालीन समाधान हो । मेरो पुस्तक 'इटिंग टु एक्सटिन्सन'को अनुसन्धानका दौरान डेलसँगको कुराकानी रहस्योद्घाटनपूर्ण साबित भयो । 'प्रकृतिमा मोनोकल्चरको अस्तित्व हुँदैन, हामीले यसबाट पाठ सिक्न आवश्यक छ,' उनले मलाई भनेका थिए । अघिअघि विश्व खाद्य प्रणालीमा धेरै विविधता हुने गर्थ्यो । तर, थोरै संख्याका अत्यधिक उत्पादनशील बालीहरूमा जोडले यो विविधता हरायो । यो समस्याको समाधानका लागि क्याम्ब्रिजस्थित बेलायतको प्रमुख बाली अनुसन्धान 'केन्द्र नेसनल इन्स्टिच्युट अफ एग्रिकल्चरल बोटनी (एनआइएबी)' र नर्विचको 'जोन इनेज सेन्टर'का वैज्ञानिकले आधुनिक प्रजातिका कारण लोप हुने अवस्थामा पुगेका सम्पदा (रैथाने) प्रजातिका आनुवंशिकीहरूको प्रयोग गरी विविधतालाई खेतबारीमा फर्काउने काम गरिरहेका छन् ।

वैज्ञानिकहरूको ध्यान कफीजस्ता अन्य बालीमा पनि छ । अधिक उपयोग हुने कफीका प्रजाति जुन १८औं र १९औं शताब्दीताका संसारभर पठाइएका मुठीभर बिरुवाहरूबाट विकसित प्रजातिमा सीमित छ । जलवायु संकटले हामी निर्भर कफीका मुख्य प्रजाति 'अरेबिका' र 'रोबस्टा'को भविष्यलाई अन्धकारमय बनाउँदै लगेको छ । यही कारण केउका वनस्पतिशास्त्रीले विश्वका १२० भन्दा बढी अन्य कफी प्रजातिका व्यावहारिक र स्वादिष्ट विकल्प पहिचान गरेका छन् । तिनमा सन् १९५० को दशकमा लगभग लोप भइसकेको सियरा लियोनमा पाइने 'कफिया स्टेनोफिला' प्रजाति सबैभन्दा आशाजनक देखिएको छ ।

नीतिगत तहमा आशावादी हुन सकिने कारण छन् । सन् २०२२ को डिसेम्बरमा मोन्ट्रियलमा सम्पन्न 'कोप १५' मा १९६ देशले 'ग्लोबल बायोडाइभर्सिटी फ्रेमवर्क'मा हस्ताक्षर गरे । सन् २०३० सम्ममा जमिन र समुद्रका प्रकृतिको ३० प्रतिशत हिस्सा पुनर्जीवित गर्ने मुख्य प्रतिबद्धता छ, जसमा 'संकटापन्न प्रजातिलाई लोप हुनबाट रोक्न' तत्काल कदम चालिने कुरा पनि समावेश छ । कम खतरामा रहेका प्रजातिहरूको सूचीमा खेती गरिने प्रजाति समावेश छन् । यसमा हजारौं वर्षदेखि मानिसले खानका लागि प्रयोग गर्दै आएका सात हजार वा सोभन्दा बढी बोटबिरुवालाई पनि पर्छन् ।

> विविधता-अभावको अर्थ यो पहेँलो फलको समाप्ति पनि हुन सक्छ । साथै, यसले अन्य प्रमुख खाद्य पदार्थमा के हुन सक्छ भन्ने कडा चेतावनी पनि दिन्छ ।

वाइल्डफार्मजस्ता किसानका पहलहरूले गहुँका विभिन्न प्रजातिमा व्यापक प्रयोग गरिरहेको छ । उनीहरूले उत्पादन गरेका विभिन्न प्रजातिका गहुँका पिठो खुद्रा विक्रेता र राष्ट्रव्यापी पिज्जा चेनहरूमार्फत उपभोक्तासमक्ष पुग्न थालिसकेका छन् । यसैबीच, तीनजना खाद्य तथा कृषि अनुसन्धानकर्ताले इंग्ल्यान्डको पूर्वमा स्थापना गरेको 'होडमेडोज' नामको व्यवसायले फलामैयुगमा बेलायतमा उब्जाइने बालीहरूलाई केन्द्रमा राखी 'कार्लिन मटर र एमर हिवट (गहुँ)' लगायत उपेक्षित अन्न र दलहनलाई पुनर्जीवित गरिरहेको छ ।

क्यु दोङ्युलाई सही मान्ने हो भने 'खुद्रा विक्रेताहरू र उपभोक्ताहरूद्वारा स्वीकृति'को अभाव ठूलो समस्या हो । हामी सबैले पहल लिनु आवश्यक छ । हामीलाई अझ बढी विविधता चाहिएको छ भन्ने कुरा हामीले थाहा पाउनुपर्छ । यो आह्वान हामीले यसअघि कहिल्यै प्रयोग नगरेका विभिन्न प्रकारका सिमी, बोडी वा मटर वा असामान्य प्रकारको गहुँ वा फरकखालको केरा खरिद गर्नुजत्तिकै सरल छ ।

*(खाद्य पत्रकार एवं लेखक डन सलादिनो 'इटिङ टु एक्सटिंक्सन : द वर्ल्डस् रेयरस्ट फुड्स एन्ड ह्वाई वी निड टु सेभ देम'का लेखक हुन् । यो लेख 'द गार्जियन'बाट **नारायण शिवाकोटी**ले अनुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २४ चैत ०८०

दुग्ध किसानलाई धोका

६ अर्ब पाउनुपर्ने, एक रुपैयाँ पाएनन्

सरकारबाट ३० करोड लिएर किसानलाई वितरण भइहाल्छ

● **डा. रेवतीरमण पौडेल**, सचिव, कृषि मन्त्रालय



दुग्ध विकास संस्थानलाई सरकारको तर्फबाट ३० करोड रुपैयाँ सहुलियतपूर्ण ऋण दिने निर्णय भइसकेको छ। यो रकम अब चाँडै लिइहाल्ने प्रक्रियामा संस्थान छ। सरकारबाट रकम ल्याउनासाथ किसानको बक्यौता भुक्तानी सुरु भइहाल्छ।

अहिले किसानको बक्यौता तिर्न सक्ने अवस्थामा छैनौं

● **राजकुमार दाहाल**, अध्यक्ष, डेरी उद्योग संघ



हाम्रा उद्योगमा बिक्री नभएर बटर, घिउ, पाउडरलगायत ठूलो मात्रामा मौज्दात बसेका छन्। त्यसैले अहिले किसानको बक्यौता रकम भुक्तानी गर्न सक्ने अवस्थामा छैनौं।

६ अर्ब पाउनुपर्ने छ, तर एक रुपैयाँ पनि पाएका छैनौं

● **राम आचार्य**, महासचिव, केन्द्रीय दुग्ध सहकारी संघ



२१ चैतसम्म किसानको ६ अर्ब रुपैयाँ बक्यौता दिने भनेर भएको लिखित सहमति पालना भएन। तोकिएको समयभित्र बक्यौताबापतको एक रुपैयाँ पनि पाएका छैनौं। किसानलाई नियोजित रूपमा दुःख दिने काम भएको छ।

अजित अधिकारी/नयाँ पत्रिका

२१ चैतभित्र दुग्ध किसानको ६ अर्ब रुपैयाँ बक्यौता तिर्ने लिखित सम्झौता गरेका उद्योगी र सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)ले एक रुपैयाँ पनि भुक्तानी गरेका छैनन्।

तत्कालीन कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसाल र पशुपक्षी सचिव डा. रेवतीरमण पौडेलको उपस्थितिमा डिडिसीका उपमहाप्रबन्धक राजेन्द्र अधिकारी र चार डेरी उद्योगी (प्रह्लाद दाहाल, सुमित केडिया, राजकुमार दाहाल र अरनिको राजभण्डारी)ले केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेडका पदाधिकारीसँग गत १९ फागुनमा लिखित सम्झौता गर्दै २१ चैतसम्म किसानको बक्यौता भुक्तानी गर्ने पत्रमा हस्ताक्षर गरेका थिए। तर, उक्त हस्ताक्षर गरेयता डिडिसी र उद्योगीले किसानको बक्यौताबापत तिर्नुपर्ने एक रुपैयाँ पनि भुक्तानी नदिएको केन्द्रीय दुग्ध सहकारी संघका महासचिव रामप्रसाद आचार्यले जानकारी दिए।

'कृषि मन्त्रालयमा लिखित सहमति हुँदा पुस मसान्तसम्मको बक्यौता २१ चैतसम्म दिने भनिएको थियो। यो भनेको करिब ६ अर्ब रुपैयाँजति हो,' आचार्यले भने, 'तर, उक्त सहमति गरेको भोलिपल्टदेखि नै डिडिसी र उद्योगीले किसानको पैसा दिनुपर्छ भन्ने कुरा बिर्सिए।'

डिडिसी र निजी डेरी उद्योगलाई दुध बिक्री गरेका किसानले साउनदेखिको पैसा पाउन बाँकी रहेको गुनासो गरेका छन्। उनीहरूले दुध बेचेको पैसा लिन पटक-पटक ताकेता गरे पनि नपाएपछि गत फागुनमा आन्दोलन घोषणा गरेका थिए। उनीहरूले १४ फागुनदेखि जिल्ला प्रशासन कार्यालयअघि धर्ना दिने, दुध पोख्ने, राजमार्ग अवरोध गर्नेलगायतका कार्य गरेका थिए भने २१ फागुनमा देशभरका किसान काठमाडौं उत्रिएर आन्दोलन गर्ने घोषणा गरेका थिए।

किसानले आन्दोलनको तयारी गरेपछि कृषि मन्त्रालयका अधिकारीले १९ फागुनमा उद्योगी र किसानलाई वार्तामा राखेर एक महिनाभित्र बक्यौता असुल गर्ने लिखित सहमति गराएका थिए। तर, सहमतिको मसी सुकेसँगै किसानले पाउनुपर्ने रकमसमेत पाएका छैनन्।

संघका महासचिव आचार्यले १९ फागुनमा सहमति भएयता किसानले दुध बिक्री गरेको पैसा भने केही उद्योगले दिइरहेको जानकारी दिए। डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहालले दुध तथा दुग्ध पदार्थ बिक्रीमा सुधार नभएकाले किसानको पैसा तत्काल दिन नसक्ने अवस्था रहेको बताए।

'किसानबाट नियमित दुध खरिद गरेर मिल्क होलिडे हुनबाट रोकेका छौं, तर गोदाममा सामान भरिएर बसेका कारण नगद अभाव भई किसानको बक्यौता तिर्न सक्ने अवस्थामा छैनौं,' उनले भने।

डिडिसीलाई सरकारले सहुलियतपूर्ण ऋण स्वीकृत गर्दा उस्तै प्रकृतिको कारोबार गर्ने र उस्तै समस्या भोगिरहेका निजी उद्योगलाई भने सहजीकरण नगरेको उनले गुनासो गरे।

● १९ फागुनमा उद्योगी र किसानबीच भएको वार्तामा बक्यौता लिने-दिने लिखित सहमति भएको थियो, **तर सहमितपत्रको मसी सुकेसँगै किसानले पाउनुपर्ने पैसा पनि पाएका छैनन्**



डिडिसीले किसानलाई तिर्नुपर्ने ९२ करोड छ, तर सरकारबाट पायो ३० करोड ऋण

अर्थ मन्त्रालयले दुग्ध विकास संस्थान (डिडिसी)लाई ३० करोड रुपैयाँ सहुलियत ऋण उपलब्ध गराउने निर्णय गरेको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. रेवतीरमण पौडेलले चाँडै यो रकम डिडिसीले लिएर किसानलाई वितरण सुरु हुने जानकारी दिए। 'अर्थले पैसा दिने निर्णय गरेको छ, अब चाँडै निकासा लिएर डिडिसीले बक्यौता भुक्तानी सुरु गर्छ,' उनले भने, 'त्यसपछि निजी क्षेत्रका डेरीलाई पनि दबाब हुनेछ।'

साउनयता दुध बेचेका किसानलाई डिडिसीले तिर्नुपर्ने रकम करिब अढाई अर्ब रुपैयाँ छ। तर, किसानका गाईबस्तुले खाने दाना र चोकर उपलब्ध गराएर दुधको पैसामा कट्टी गरिरहेकाले डिडिसीले किसानलाई तिर्नुपर्ने पुस मसान्तसम्मको नगद रकम ९२ करोड रुपैयाँ रहेको डिडिसीकै तथ्यांक छ। ९२ करोड दायित्व रहेकोमा सरकारले दिएको ३० करोड रुपैयाँ कहाँ र कुन क्षेत्रका किसानलाई वितरण हुन्छ भन्ने अन्योल छ।

डिडिसीका तत्कालीन महाप्रबन्धक सञ्जीव झा बिदा भएकाले कृषि मन्त्रालयले सहसचिव सूर्य पौडेललाई महाप्रबन्धकको जिम्मेवारी दिएको छ। बक्यौताको एकतिहाइ मात्रै सरकारी ऋणबापत प्राप्त भएकाले सबै किसानलाई रिझाएर भुक्तानी दिन उनलाई चुनौती छ। यद्यपि, पशुपक्षी सचिव पौडेलले सबै किसानलाई दमासाहीका किसानले भुक्तानी सुरु गर्ने बताए।

अम्रिसोले डाँडो हरियाली मूल्य नपाउँदा किसान खिन्न



नवलपरासीमा **रामकुमार श्रेष्ठ**

नवलपुरका अधिकांश डाँडाहरू यतिबेला इलामको हरियो चियाबगानजस्तै देखिन थालेका छन्।

नांगा डाँडालाई हरियो बनाउन, भूक्षय र बाढीपहिरो रोक्न तथा स्थानीयको जीविकोपार्जनमा सुधार गर्न यस क्षेत्रमा अम्रिसो (कुचो) खेती विस्तार गरिएको छ। जसकारण डाँडाहरू हरियो चियाबगानजस्तै बनेका छन्।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Global Remit ग्लोबल रेमिट

पूर्वी नवलपरासीमा अहिले पहाडी क्षेत्रका नांगा डाँडाहरू कबुलियती वनमार्फत अम्रिसो खेती गरेर हराभरा भएका छन्। पूर्वी नवलपरासीमा एक सय ६७ वटा कबुलियती वन बनाएर यहाँका स्थानीयले समूहमा अम्रिसो खेती गरिरहेका छन्। एक सय ६७ वटा कबुलियती वनबाट यहाँका बासिन्दाले गत वर्ष मात्रै तीन करोड १८ लाख ६५ हजार रुपैयाँको अम्रिसो बिक्री गरी आम्दानी गरेका थिए।

गत वर्षसम्म राम्रो आम्दानी पाएर हौसिएका किसानले लगाएको अम्रिसोका कारण बाँझो र डाँडो जमिन रमणीय बने पनि यसपटक अम्रिसोले बजारभाउ नपाउँदा किसान भने खिन्न छन्। गत वर्ष प्रतिकिलो एक सय ३० रुपैयाँमा बिक्री भएको अम्रिसो यो वर्ष घटेर प्रतिकिलो ७० रुपैयाँमा झरेको छ।

खान-लाउन समस्या भोगिरहेका किसानले अहिल अम्रिसो खेतीबाट भएको आम्दानीबाटै बाह्रै महिना घरखर्च धान्न सहज भएको स्थानीय बासिन्दा एवं अम्रिसो खेतीका सुपरभाइजर तुलबहादुर रानाले बताए।

०७० बाट व्यावसायिक अम्रिसो खेती गरिरहेका यहाँका बासिन्दालाई यो वर्ष पहिलोपटक बजार मूल्यले साथ नदिएको हो। 'कतै अब हाम्रो मिहिनेत खेर त जाने होइन भन्ने चिन्ताले सताउन थालेको छ,' स्थानीय कृषक आसबहादुर दराई मगरले भने।

नवलपुरमा उत्पादन भएको अम्रिसो बुटबल, भैरहवा, नारायणघाट, काठमाडौं, पोखरासम्म पुग्ने गरेको छ।

रोजगारी बढाउने क्षेत्रमा लगानी गर्न अर्थमन्त्रीको आग्रह

> हाम्रा विकास साझेदारहरूलाई रोजगारी सिर्जना गर्ने र उत्पादकत्व वृद्धि गर्ने क्षेत्रमा स्रोत बढाउन आग्रह गर्दछु।
>
> सरकारी खर्च वृद्धि गरी पुँजीगत खर्च बढाउने प्रयास भइरहेको छ।



काठमाडौं/ अर्थमन्त्री वर्षमान पुन अनन्तले नेपालमा रोजगारी सिर्जना गर्ने र उत्पादकत्व बढाउने क्षेत्रमा केन्द्रित भएर लगानी बढाउन विकास साझेदारहरूसँग आग्रह गरेका छन्। उनले शुक्रबार विश्व बैंकको दक्षिण एसिया र नेपाल विकास अपडेट, २०२४ सार्वजनिक गर्ने कार्यक्रममा यस्तो आग्रह गरेका हुन्।

उनले दक्षिण एसियाली राष्ट्रहरूमा अन्य दक्षिण एसियाली देशहरूको तुलनामा नेपालले राम्रो प्रदर्शन गरेको दाबी गरेका छन्। उनले भने, 'उल्लेखनीय कुरा के छ भने पूर्वाधार क्षेत्रमा उच्च रोजगारीको आवश्यकता हुँदाहुँदै पनि हजारौं कामदार उमेर समूहका जनसंख्या काम र अध्ययनका लागि देश छाडेर विदेश गएको देखेका छौं। तसर्थ, म हाम्रा विकास साझेदारहरूलाई रोजगारी सिर्जना गर्ने र उत्पादकत्व वृद्धि गर्ने क्षेत्रमा स्रोत बढाउन आग्रह गर्दछु।'

अर्थमन्त्री पुनले सरकार उच्च प्राथमिकता र चासोको आर्थिक गतिविधिलाई सहज बनाउनेतर्फ केन्द्रित रहेको बताए। उनले चालू आर्थिक वर्षको अन्त्यसम्ममा आर्थिक पुनरुत्थान हुनेमा आशासमेत व्यक्त गरे। सार्वजनिक लगानीको प्रभावकारिता र दक्षता अभिवृद्धि गर्न विश्व बैंक र अन्य विकास साझेदारहरूसँग पनि नजिकबाटै काम गरिरहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले राष्ट्रिय परियोजना बैंकको कार्यान्वयन यसको एउटा उल्लेखनीय उदाहरण भएको दाबी गरे।

विश्व बैंककी प्रमुख अर्थशास्त्री फ्रान्जिस्का लिजेलट अन्सर्जले दक्षिण एसियामा विकास दर बढेको भए पनि भारतकै कारण यो सबैभन्दा छिटो विकास हुने क्षेत्र हुने गरेको बताइन्। उनले भनिन्, 'धेरैजसो उदीयमान बजारहरू र विकासशील अर्थतन्त्रहरूले भुक्तानी सन्तुलनको तनावमा परेका करिब एकचौथाई समूहको अपवादबाहेक यो राम्रोसँग सामना गरेका छन्। दक्षिण एसियामा औसतभन्दा माथिको वृद्धिको अर्को चेतावनी भनेको सार्वजनिक क्षेत्रको भूमिका हो।'

सल्यानमा २३ हजार हेक्टर जमिनमा सिँचाइ अभाव

> खेतीयोग्य जमिनमध्ये अझै २३ हजार दुई सय २६ हेक्टर क्षेत्रफलमा सिँचाइ पुग्न नसकेको कृषि ज्ञानकेन्द्रको भनाइ

सल्यान/ सल्यानमा कुल खेतीयोग्य जमिन ४५ हजार पाँच सय ६७ हेक्टर रहेको छ। त्यसमध्ये ३८ हजार नौ सय २६ हेक्टरमा खेती भइरहेको छ भने ६ हजार ६ सय ४२ हेक्टर खेतीयोग्य जमिन बाँझै छ।

जिल्लामा सात हजार नौ सय ९७ हेक्टर जमिनमा बाह्रै महिना र सात हजार सात सय तीन हेक्टरमा मौसमी रूपमा मात्र सिँचाइ पुगेको कृषि ज्ञानकेन्द्र, सल्यानले जनाएको छ। जिल्लामा खेतीयोग्य जमिनमध्ये अझै २३ हजार दुई सय २६ हेक्टर क्षेत्रफलमा सिँचाइ पुग्न नसकेको कार्यालयका निमित्त प्रमुख रेशमकुमार बस्नेतले जानकारी दिए। उनका अनुसार यस वर्ष एक सय ८८ हेक्टर क्षेत्रफलमा सिँचाइ पुऱ्याउने लक्ष्यसहित सात करोड २४ लाख रुपैयाँमा ८८ वटा सिँचाइ योजना सञ्चालनमा रहेका छन्।

सिँचाइ सुविधा नभएका कारण धेरैजसो किसानले आकासे पानीका भरमा वर्षायाममा मात्र खेती गर्ने गरेका छन्। भिरालो जमिनमा ओसिलोपन नहुँदा लगाएको सबै अन्नबाली सुक्ने भन्दै हिउँदमा किसानले खेतबारी बाँझै छाड्ने गरेका छन्।

दर्ता नं.: ६६/०५५/०५६ "सम्पूर्ण शेयर सदस्यको आर्थिक आवश्यकताको साझी, श्रमजीवी सहकोश" स्था.ले.नं.: ३०१४५८०४०

श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि.
Shramjivi Saving & Credit Co-operative Society Ltd.
भक्तपुर - ६, फोन नं.:०१-६६१८३४१

कर्जा चुक्ता गर्ने बारे २१ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/२४

यस श्रमजीवी बचत तथा ऋण सहकारी संस्थाबाट तपशिलका ऋणीले तपशिल बमोजिमको कर्जा शीर्षक अन्तर्गत लिनुभएको कर्जाको साँवा,ब्याज जरिवाना रकम समेत शर्त बमोजिम यस सहकारीमा समय समयमा दाखिला गर्नुपर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बधी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएको हुनाले यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस सहकारीमा सम्पर्क राखि तिर्न बुझाउनु पर्ने बाकी ऋणको साँवा,ब्याज, जरिवाना तथा दै-दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई यसै सुचना मार्फत सुचित गरिन्छ। अन्यथा यस सहकारीको निति,नियम,विनियम एवं प्रचलित कानुन बमोजिम धितोमा रहेका सवारी साधन लिलाम बिक्री गरि वा अन्य कुनै व्यवस्था गरि यस सहकारीको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो साधनहरुबाट यस सहकारीको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालो सुचीमा समेत सुचिकृत गरि आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गरिन्छ।

ऋणी /प्रोप्राईटर/जमानीकर्ताको विवरण	ऋणी/प्रोप्राईटर/जमानी कर्ताको विवरण
ऋणी : प्रेमी ईटा उद्योग प्रा. लि. दर्ता गर्ने कार्यालय -कम्पनी रजिष्टारको कार्यालय प्रा.लि.द.नं. : १४१६१४/०७२/०७३ पान नं. : ६०३५५६५८४ ठेगाना : हेटौंडा,उप म.न.पा, वडा नं.१८ सिमले	**क. नाम : आसकाजी थिके** बाबुको नाम : कृष्ण थिके बाजेको नाम : लतंवीर थिके ठेगाना : सांविक वडा नं. ५,हाल भ.न.पा ६ ना.प्र.नं. : १४१९ जारी मिति : २०४५/०९/२८ जारी गर्ने कार्यालय : भक्तपुर **ख. नाम : कृष्ण भक्त के.सी** बाबुको नाम : वृष बहादुर के.सी बाजेको नाम : दिल बहादुर के.सी ठेगाना : सांविक छालिङ्ग गा.वि.स २,हाल चा.न.पा ५ जारी मिति : २०३६/०२/०७ जारी गर्ने कार्यालय : भक्तपुर

जमानी कर्ताको विवरण :

नाम : विनिता के.सी पतिको नाम-कृष्ण भक्त के.सी ससुराको नाम -वृष बहादुर के.सी ठेगाना-सांविक छालिङ्ग गा.वि.स २,हाल चा.न.पा ५	**नाम : दिनेश सिजख्व** बुवाको नाम -बलराम सिजख्व बाजेको नाम -काजी बहादुर सिजख्व ठेगाना -सांविक वडा नं. ५,हाल भ.न.पा ६
नाम : बुद्धमाया थिके पतिको नाम-आसकाजी थिके ससुराको नाम-कृष्ण थिके ठेगाना -सांविक वडा नं.५,हाल भ.न.पा ६	**नाम : रविन लघु** बुवाको नाम-हरे राम लघु बाजेको नाम- किस लाल लघु ठेगाना-सांविक वडा नं.५,हाल भ.न.पा ६
नाम : राम सुन्दर मारिखु बुवाको नाम-लक्ष्मी भक्त मारिखु बाजेको नाम -सुकुलाल मारिखु ठेगाना- सांविक वडा नं.४,हाल भ.न.पा १०	**नाम : कृष्ण भक्त कोजु** बुवाको नाम- जगत बहादुर कोजु बाजेको नाम- आसा मरु कोजु ठेगाना- सांविक वडा नं.१,हाल भ.न.पा ९

सवारीसाधनको विवरण :यस श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि. को नाममा दर्ता भई प्रेमी ईटा उद्योग प्रा.लि.ऋणी कायम भएको निम्न अनुसारको सवारी साधन ३ (तीन) थान।

सवारी दर्ता नं.-वा ३ क २२०५ कम्पनीको नाम-टाटा मोटस मोडेल नं.-LPK ९१२/२७ बनेको साल-२०१८ सि.सि./हर्ज पावर-३०८३ इन्जिन नं. ४९७TC४४CRY८० ९५२६ सावरीको रङ -कालो सवारी प्रयोग-निजी	सवारी दर्ता नं- वा ३ क २२०६ कम्पनीको नाम :टाटा मोटस मोडेल नं.- LPK ५१२/२७ बनेको साल : २०१८ सि.सि./हर्ज पावर - ३०८३ इन्जिन नं.- ४९७TC४४CRY८०९८३८ सावरीको रङ : कालो सवारी प्रयोग -निजी	सवारी दर्ता नं.- वा ३ क ३५१४ कम्पनीको नाम -टाटा हिटाची मोडेल नं.-ZAXIS१४०H बनेको साल-२०१८ सि.सि./हर्ज पावर -४२४९ इन्जिन नं.-A१४९०J८ सावरीको रङ -Dawn glow सवारी प्रयोग-निजी

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०१/१४ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय ईटहरी, सुनसरीबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्ते कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण:
ऋणी : मो. आमिन बाबुको नाम : चुलाई मिया बाजेको नामः डोमी मिया ठेगानाः ईटहरी -९, सुनसरी, ना.प्र.नं. : ०६३००५/१५४५, मितिः २०६३/११/२२ जारी जिल्लाः जि.प्र.का. सुनसरी **कर्जा शिर्षक : आवास कर्जा** **कर्जा लिएको शाखा : ईटहरी, सुनसरी**	**क) नाम : सहाबुन खातुन** बाबुको नाम : काशी मिया पतिको नामः मो. आमिन ससुराको नामः चुलाई मिया ठेगानाः चांदबेला -१, सुनसरी, हालः ईटहरी-९, सुनसरी ना.प्र.नं. : ७७४३२/७८४३२ मितिः २०६०/०१/२५ जारी जिल्लाः जि.प्र.का. सुनसरी

सुरक्षणमा रहेको धितोको विवरणः मालपोत कार्यालय ईनरुवा, सुनसरीमा सहाबुन खातुनको नाममा दर्ता कायम हकभोग रहेको जिल्ला सुनसरी खनार वडा नं. ५/५क स्थीत कि.नं. १२५१ को क्षेत्रफल ०-०-९-३ (बि.क.धु.क.) भएको घर/जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०२९-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०२९-९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय ईटहरी, सुनसरीमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

शनिबार २४ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

एकदिवसीयमा त्यो १० विकेट

नेपाली क्रिकेटले बिर्सन नसक्ने एउटा नाम हो, मेहबुब आलम। बायाँहाते बलर आलमले सन् २००८ को २५ मेको दिन न्यु जर्सीमा मोजाम्बिकविरुद्ध दश विकेट लिँदै विश्व कीर्तिमान राखेका थिए। ५० ओभरमा उनको यो रेकर्ड अहिलेसम्म तोडिएको छैन। तर, टेस्ट फर्म्याटमा इंग्ल्यान्डका जिम लाकेर, भारतका अनिल कुम्बले र न्युजिल्यान्डका अजाज पटेलले मात्र एकै इनिङ्समा १० विकेट लिएका छन्। १६ वर्षअघि नेपालले आइसिसी विश्वकप डिभिजन ५ मा मोजाम्बिकविरुद्धको खेलमा आलमले १० जना खेलाडीलाई पेभेलियन पठाए। उनले पाँच बोल्ड, चार एलबिडब्लू र एक क्याच आउट गराए। विश्व क्रिकेटकै दुर्लभ कीर्तिमानी क्षणको स्मरण आलमले नयाँ पत्रिकाका **श्रीलोचन राजोपाध्याय**सँग यसरी सुनाए :



> मैले कहिल्यै पनि १० विकेटमाथि घमन्ड गरिनँ। रेकर्ड भनेको तोड्नकै लागि हो। आज बन्छ, भोलि कसैले यसलाई तोड्नेछन्। यसैकारण मोजाम्बिकविरुद्धको प्रदर्शन मेरा लागि भोलिपल्ट पुरानो भइसकेको थियो।

१६ वर्षअघिको त्यो दिन सम्झिँदा अहिले पनि म आफूलाई प्राउड फिल गर्छु। आजका दिनसम्म पनि एकदिवसीय फर्म्याटमा मेरो विश्व कीर्तिमानबराबर अरू कुनै बलरले गरेका छैनन्। न्यु जर्सीको मैदानमा कल्पनामा भए पनि एकपटक उभिएर हेर्दा नेपाल आमाको नाम अन्तर्राष्ट्रिय जगत्मा फैलाउन एउटा इँटा थपेको महसुस हुन्छ। तत्कालको समयमा हामी खेलाडीबाट राष्ट्रले जुन अपेक्षा राखेको थियो, त्यसमा हामी सफल भयौं। एकै खेलमा दशै खेलाडीलाई एक बलरले आउट गर्नु सामान्य होइन। क्रिकेटमा यो असाधारण र दुर्लभ मानिन्छ। भनिन्छ, हरेक खेलाडीको भाग्यमा एक दिन लेखिएको हुन्छ। त्यो दिन मेरो थियो।

मैले विश्वलाई चकित पार्ने अद्भुत र दुर्लभ प्रदर्शन गरेँ। अझै पनि मोजाम्बिकविरुद्धको खेल सम्झिँदा रोमाञ्चित र उत्साहित हुन्छु। आइसिसी विश्वकप लिग ५ विश्वकप छनोट खेल थियो। मैले विश्व कीर्तिमानी प्रदर्शन गर्नु अघिल्लो दिन हामीले मोजाम्बिकलाई ६६ रनमा अलआउट गरेका थियौं। विकेट कन्डिसन राम्रो थियो। परेश लोहनी र म ओपनिङमा गयौं। एक बलपछि नै पानी पऱ्यो। दिनभरि पानी रोकिएन। विश्वकप छनोट भएकाले अंक बाँडिएन। यसको नतिजा खेलबाटै हुने थियो। यसकारण भोलिपल्टको रिजर्भ डेमा पुनः नेपाल र मोजाम्बिकबीच खेल भयो। हो, त्यसै रिजर्भ डेमा मैले १० विकेट लिएको थिएँ। दोस्रो दिन हामीले पहिलो ब्याटिङ गरी सात विकेट गुमाएर दुई सय ३८ रन बनायौं।

चिसो मौसममा तीव्र गतिको हावा

न्यु जर्सीमा अघिल्लो दिनको तुलनामा रिजर्भ डेमा बढी चिसो थियो। चिसो मौसमसँगै तीव्र गतिमा हावा चलिरहेको थियो। विकेटको दुवै एन्डमा मेरो बलिङ इन स्विङ भइरहेको थियो। जुन अघिल्लो दिनको जस्तो थिएन। जहाँ बल फुर्याँक्ने योजना बनाए, बल त्यही बाउन्स वा इन स्विङ भइरहेको थियो। त्यसवेला मैले बलिङ स्पेलमा फरक अनुभूति पाएँ। बल फुर्याँक्दा दिशा परिवर्तन भइरह्यो। साथै, म लयमा थिएँ। मोजाम्बिकका ब्याट्समान्यानको एज लागेको थिएन र उनीहरू बिट पनि भएनन्। केवल ७.५ ओभर मात्र बलिङ गरेँ। यही स्पेलमा म गिनिज बुक अफ वर्ल्ड रेकर्डमा आफ्नो नाम लेखाउन सफल भएँ। त्यो खेलको रमाइलो पक्ष के थियो भने हरेक ओभरमा एक वा दुई विकेट आइरहेको थियो। जेएम खोराभलाई पेभेलियन पठाउँदा मेरो पाँचौं विकेट पूरा भयो। त्यसवेला मोजाम्बिक ९-५ को कमजोर अवस्थामा थियो। सुरुमा पाँच विकेट लिएको समयमा मैदानभित्र हल्का खुसी मनाइयो। सात ओभरसम्म सातै विकेट आइसकेको थियो।

विनोद दाइले साथीलाई बोलाउनुभयो

मैले सात विकेट लिएपछि कप्तान विनोद दास दाइले सबै साथीलाई बोलाउनुभयो। उहाँले भन्नुभयो, 'अब मोजाम्बिकका बाँकी तीन विकेट आलमले नै लिनुपर्छ, यसमा हामीले पूरै सहयोग गर्नुपर्छ।' मैले यसअघि पनि पाँचदेखि आठ विकेट लिएको थिएँ। मोजाम्बिकविरुद्ध सात विकेट लिनु त्यति ठूलो मानिनँ। तर, विकेटको कन्डिसन र मेरो बलिङ इनस्विङ भइरहँदा १० विकेट लिन सक्ने सम्भावना विनोद दाइले देख्नुभएको रहेछ। म आफू भने केवल सही लाइनमा बलिङ गर्ने मात्र योजना बनाइरहेको थिएँ। यसअघि म्यानमारविरुद्ध तीन रन खर्चेर सात विकेट लिएको थिएँ। माल्दिभ्ससँगको एक खेलमा आठ विकेट झारेको थिएँ। तर, १० विकेटको प्रदर्शन भएको थिएन। विनोद दाइले मबाट ऐतिहासिक प्रदर्शनको अपेक्षा राख्नुभएको थियो। लगातार बलिङ गरिरहँदा म थाकेको अवस्थामा उहाँले बलिङ परिवर्तन गराउनुभयो।

अरूले विकेट लिने डर थिएन

मोजाम्बिकको सात विकेट गएपछि नेपालको एक किसिमको योजना बनेको थियो। म यति ढुक्क थिएँ कि नेपालका अरू बलरले विकेट लिनेछैनन् र मलाई पूरै सहयोग गर्नेछन् भनी। त्यसवेला शक्ति दाइ र विनोद दाइले मात्र बलिङ गर्नुभएको थियो। उहाँहरूले विकेट टु विकेट बलिङ गर्नुभएन। केवल विकेटको दायाँ र बायाँ मात्र बलिङ भइरहेको थियो। यसकारण विपक्षी ब्याट्समान्यानले जोखिमपूर्ण सट खेलेनन्। मैले आठौं ओभरको सुरुमै दुई सफलता हात पार्दै विकेट संख्या नौ पुऱ्याएँ। तत्कालै कप्तान दाससले फेरि एकपटक सबै साथीहरूलाई बोलाएर भन्नुभयो, 'साथीहरू, मेहबुब अब कीर्तिमाननजिक छ, हामी कोही पनि चुक्नुहुन्न।' साथीहरूले 'मेहबुब, तिमीले विश्व कीर्तिमान बनाउनुपर्छ, यसका लागि हामी तयार छौं' भन्दै मेरो उत्साह बढाउनुभयो।

५० ओभर भएकाले मोजाम्बिकका ब्याट्समान्यानहरूको ध्यान पूरै इनिङ्स खेल्नेतिर थियो। उनीहरू आरामदायीपूर्वक ब्याटिङमा देखिन्थे। फेरि मेरो बल अनपेक्षित रूपमा धेरै इनस्विङ भइरहेको थियो। मैले फुर्याँकेको बल कि स्टम्पमा लाग्थ्यो वा सीधै प्याडमा लाग्थ्यो। ब्याट्समान्यानलाई बल छाड्ने कुनै मौका थिएन। मोजाम्बिकका ब्याट्समान डिफेन्स गर्ने चक्करमै एकपछि अर्को गरी आउट हुँदै गए। मैले पाँच बोल्ड, चार एलबिडब्लू र क्याच आउट विकेट लिएँ।

विश्व कीर्तिमानी प्रदर्शनमा म तीनपटक ह्याट्रिकनजिक पुगेको थिएँ। मैले १० विकेट लिन एक मेडनसहित १२ रन मात्र दिएँ। मोजाम्बिकका नौ खेलाडीले खाता खोलेनन्। अन्तिम चार विकेट १७-७ बाट १७-१० को अन्तरमा पतन भयो।

इनस्विङ बुझ्न सकेनन्

मोजाम्बिकका ११औं खेलाडी इम्तियाज लिली थिए। त्यसवेला उनको अनुहारमा एक किसिमको डर थियो। अर्कोतिर म पनि भयभीत थिएँ। भित्रभित्रै म नौ विकेटमा सीमित हुने होइन भनी सोचिरहेँ। रेकर्ड बनाउन नदिन ब्याट्समान्यान जानी-जानी रनआउट पनि हुने गर्छन्। तर, नौ विकेट ल्याइसक्यौं, अब एक संख्या हो भनी बलिङ गरेँ। आठौं ओभरमै १० विकेटको प्रदर्शन गर्छु भनी संकल्प गरेँ। लिलीको डरमाथि मनोवैज्ञानिक खेल खेलेँ। मेरो चौथो बलमा उनले डिफेन्स गरे। त्यसपछि पाँचौं बल स्टम्प टु स्टम्प गरेँ। मेरो स्विङ बल बुझ्न नसक्दा उनी बोल्ड भए। लिलीको स्टम्प हावामा उडेपछि मैले विश्व क्रिकेटमै आफ्नो नाम लेखाएँ। सिंगो मोजाम्बिक १४.५ ओभरमा १९ रनमै अलआउट भयो। नेपालले अर्को कीर्तिमानका रूपमा दुई सय १९ रनले जित हात पाऱ्यो। त्यसपछि ३० यार्ड घेराभित्र फिल्डिङ गरेका साथीहरूले मलाई बधाई दिए। साथीहरूले काँधमा राखेर मैदानको एक फन्को घुमाए। लगभग दुई घण्टासम्म विश्व कीर्तिमान क्षणको मैदानमै खुसी मनायौं। मेरो सफलतामा प्रशिक्षक रोय लुक डायस अत्यन्तै खुसी हुनुहुन्थ्यो। हाम्रा लागि उहाँ बुबाजस्तै हुनुहुन्थ्यो। प्रत्येक खेलाडीको सफलतामा उहाँ असाध्यै खुसी हुनुहुन्थ्यो।

होटेलमा मेरो प्रतीक्षा

लगातार दुई दिन खेल भएकाले हामी सबै थाकेका थियौं। होटेलमा खासै केही पनि गरेनौं। तर, बिहान होटेलको लबीमा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका पत्रकार मेरो प्रतीक्षारत रहेछन्। मलाई यो थाहा थिएन। लगभग होटेलको लबीमा बसेका सबैले अघिल्लो दिन मोजाम्बिकविरुद्ध १० विकेट लिने बलर मेरै प्रतीक्षामा थिए। कतिले अटोग्राफ लिए। धेरैले सोध्ने एउटै प्रश्न रह्यो, 'कसरी १० विकेट लिनुभयो।' यहाँसम्म प्रतियोगितामा सहभागी अन्य टोलीका खेलाडीको पनि यही प्रश्न थियो। भ्याएसम्म सबैलाई उत्तर दिएँ। त्यसवेला म सेलेब्रिटीजस्तै नै भएँ। उनीहरूले विश्व कीर्तिमान बनाएका बलर भन्दै मसँग फोटो लिन आए। क्लिकइन्फोका एक पत्रकारले 'मेहबुब तिम्रो १० विकेटको प्रदर्शन ग्रिनिज बु अफ रेकर्डमा दर्ता गर्नुपर्छ, थाहा छ किन छैन' भनी प्रश्न गरे। मैले उनलाई भनेँ, 'ऐ हो र, मलाई यसबारे केही थाहा छैन।' तत्कालै अर्को दिन पनि म्याच खेल्नुपर्ने कारण स्याम्पेन फोडेर खुसी मनाउन पाइएन। मेरो सफलतामा सबै रमाइरहँदा नेपाल राष्ट्रलाई मैले क्रिकेट खेलबाट सानो योगदान गरेजस्तै सम्झेँ।



अरू खेलाडी सतर्क

मोजाम्बिकविरुद्धको प्रदर्शनपछि अरू खेलमा यसको प्रभाव ज्यादै पऱ्यो। अफगानिस्तान, सिंगापुर, मलेसिया र अमेरिकाविरुद्ध खेल हुँदा उनीहरूका खेलाडी मसँग त्रसित देखिए। खेलअगाडि उनीहरूका ब्याट्समान्यानले मेरो बलिङ एक्सनदेखि सबै पक्ष अवलोकन गरेका थिए। क्रिजमा मविरुद्ध कसरी खेल्ने भनी पूरै योजनाबद्ध रूपमा आएको महसुस गरे। मैले सुनेको थिएँ, 'अरूको बल खेल्ने हो, तर आलमको बल छाड्ने है, उसको बलिङमा झुक्किएर पनि ठूलो सट नखेल्ने।' यस्ता योजना विपक्षीहरूले बनाएका रहेछन्। एकपटक अफगानिस्तानसँग खेल्दा मविरुद्ध उनीहरूले ठूलै योजना बनाएका थिए। मानसिक रूपमा मैल उनीहरूलाई यसरी दबाबमा राखेँ। तर, कहिल्यै पनि १० विकेटमाथि घमन्ड गरिनँ। रेकर्ड भनेको तोड्नकै लागि हो। आज बन्छ, भोलि कसैले यसलाई तोड्नेछन्। यसैकारण मोजाम्बिकविरुद्धको प्रदर्शन मेरा लागि भोलिपल्ट पुरानो भइसकेको थियो। एउटै सफलतामा अगाडि बढ्नुहुन्न भन्ने मेरो सोचाइ हो। देशका लागि थप यस्तै किसिमको रेकर्ड राखी अगाडि बढ्नुपर्ने मानसिकताका साथ अगाडि बढिरहेको छु।

क्रिकेटबाट टाढिन सक्दिनँ

नेपाली क्रिकेटले अहिले धेरै सफलता प्राप्त गरेको छ। हामीले त्यसवेला सोचेको सपना बिस्तारै पूरा हुँदै छ। सन् २०१४ मा हामीले टी-२० विश्वकप खेल्यौं। अब १० वर्षपछि फेरि पनि खेल्ने क्रममा छौं। यसबीचमा नेपालले एसिया कप खेल्यो र खेलाडीले पाकिस्तान र भारतजस्तो शक्तिशालीविरुद्ध उत्कृष्ट प्रदर्शन गरे। यो सफलता देख्दा खुसी हुन्छु। जुन हामीले कुनै समयमा देखेको सपना थियो। हामी क्रिकेटले आफ्नो पूरै जीवन नेपाली क्रिकेटलाई दियौं। नेपाल आमाको नाम राख्न खेल्यौं। म मैदानबाहिर वा भित्र किन नहोस्, सधैंभरि नेपालको क्रिकेटको विकासकै लागि म भगवान्सँग प्रार्थना गरिरहेको हुन्छु। नेपालको क्रिकेट जहाँ हुन्छ, त्यसबारे म प्रत्यक्ष पलको समाचार लिइरहेको हुन्छु। क्रिकेटप्रतिको माया कहिल्यै पनि मर्दैन। नेपालको हरेक जितमा साथीहरूसँगै मनाउँछु। हारमा त्यसको समीक्षा गर्छु। क्रिकेटबाट कहिल्यै टाढा हुँदिनँ र हुने पनि छैन।

ब्याटिङ नचल्दा नेपाल ६० रनमै अलआउट

नयाँ पत्रिका

नेपालको 'ए' राष्ट्रिय क्रिकेट टोलीले आयरल्यान्डको 'ए'विरुद्धको तीन खेलको एकदिवसीय सिरिज गुमाएको छ। नेपालले एक खेलअगाडि नै सिरिज गुमाएको हो। त्रिवि क्रिकेट मैदानमा शुक्रबार नेपाल आयरल्यान्डसँग एक सय १४ रनले पराजित भयो। पहिलो ब्याटिङ गरेको आयरल्यान्डले ३८.४ ओभरमा सबै विकेट गुमाएर एक सय ७४ रनको योगफल बनाएको थियो। सहज लक्ष्य पछ्याएको नेपाल १६.५ ओभरमा ६० रनमै अलआउट भयो। नेपालका लागि भीम सार्कीले १७ रन र कप्तान विनोद भण्डारीले १६ रनको योगदान दिए। बाँकी नौ खेलाडीले दोहोरो रन बटुल्न सकेनन्। नेपालका पाँच खेलाडी शून्य रनमा आउट भए।

बलिङमा आयरल्यान्डका म्याथ्यु हाफ्रीले आठ रन खर्चेर ६ विकेट लिए। उनले ४.५ ओभरमा एक मेडन राखेका थिए। उनले अर्जुन साउद, भीम सार्की, आरिफ शेख, रिजन ढकाल, साहब अलाम र मौसम ढकाललाई आउट गरे। यसअघि आयरल्यान्डलाई मध्यम योगफलमा रोक्न नेपालका रिजन ढकाल र साहब अलामले समान तीन विकेट लिए। मौसम ढकालले दुई विकेट हात पारे। आयरल्यान्डका हनीले ५९ बलमा पाँच चौका र दुई छक्काको मद्दतमा ५० रन बनाए। पहिलो खेलमा पनि २१ रनले पराजित भएको थियो।



बरोडासँग ३७ रनले पराजित

सिनियर पुरुष टोली भारतको रणजी टोली बरोडासँग ३७ रनले पराजित भएको छ। गुजरातमा शुक्रबार बरोडाले पहिलो ब्याटिङ गरी आठ विकेट गुमाएर एक सय ५८ रन बनाएको थियो। नेपाल १८.५ ओभरमा एक सय १९ रनमा अलआउट भयो। नेपालले यसअघि लगातार तीन खेलमा जित निकाली फाइनल स्थान पक्का गरिसकेको छ। नेपालले आइतबार गुजरातसँग फाइनल खेल्दै छ। नेपालका लागि सन्दीप जोराले ४३ बलमा तीन चौका र चार छक्का प्रहार गर्दै ५६ रन जोडे। ओपनर कुशल भुर्तेलले १६ रन बनाए। बलिङमा बरोडाका ध्रुव पटेलले चार विकेट र लक्षित तोक्सियाले तीन विकेट लिए। बरोडाको ब्याटिङमा शाश्वत रावतले ३१ रन, ध्रुव पटेलले २९ रन र अमित पासीले २६ रन जोडे। बलिङमा नेपालका करण केसी र गुल्सन झाले समान दुई विकेट लिए। नेपालले शुक्रबार चार खेलाडी परिवर्तन गरेको थियो। नियमित कप्तान रोहितकुमार पौडेलले विश्राम पाउँदा दीपेन्द्रसिंह ऐरीले कप्तानी जिम्मेवारी पाए। रोहितसँगै सोमपाल कामी, अभिनाश बोहरा र आसिफ शेखलाई आराम दिइयो। आकाश चन्द र ललित राजवंशीले पहिलोपटक अवसर पाए।

■ आठौं विराट गोल्डकप

मच्छिन्द्र र सांग्रिला उपाधिका लागि भिड्दै



विराटनगरमा **गणेश लम्साल**

मच्छिन्द्र फुटबल र घरेलु टोली सांग्रिला मोरङ क्लबले आज आठौं विराट गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि आमने-सामने गर्दै छन्। पहिलोपटक फाइनलमा पुगेको मच्छिन्द्र उपाधिसहित घर फर्कने योजनामा रहँदा मोरङ भने तेस्रोपटक गोल्डकपको उपाधि घरमै राख्ने दाउमा छ। मोरङले इटहरी गोल्डकपको च्याम्पियन चर्च ब्वायज युनाइटेडलाई सडनडेथमा ४-३ र भुटानको आरटिसी एफसीलाई ३-० ले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो। यस सिजनमा उत्कृष्ट फर्ममा रहेको मच्छिन्द्रले क्वार्टरफाइनलमा कोलकाताका साउथ्र्न समिति २-१ ले र सेमिफाइनलमा सिक्किम ड्रागन भारतलाई १-० ले पाखा लगाएको थियो। बलियो टोलीमाथि जित निकालेको मोरङ फाइनल जित्ने पक्षमा विश्वस्त देखिन्छ। मच्छिन्द्रले उपाधि भिडन्तमा घरेलु टोलीलाई हल्का रूपमा नलिने योजनामा छ।

मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले मोरङविरुद्ध सुरुदेखि आक्रामक रणनीतिले खेल्ने बताए। 'हामी फाइनलमा पूरै आक्रामक रूपमा प्रस्तुत हुन्छौं,' उनले भने। कप्तान विशाल श्रेष्ठले पहिलोपटक फाइनल पुगेकाले नयाँ च्याम्पियन बनेर इतिहास रच्ने बताए। 'नेपालकै प्रतिष्ठित उपाधि उचाल्न फाइनलमा उत्कृष्ट प्रदर्शन गर्नेछौं,' श्रेष्ठले भने, 'हामी ट्रफी उचाल्न राम्रो खेल्छौं।' मोरङका प्रशिक्षक रानु रानामगरले घरेलु दर्शकको साथ र हौसलाले उपाधि जित्ने दाबी गरेका छन्। मोरङका कप्तान अभिषेक लिम्बूले अघिल्ला खेलको कमिकमजोरी सुधार गरी प्रदर्शन गर्ने बताए।

यसअघि ०१८ सालमा तत्कालीन महेन्द्र गोल्डकपमा घरेलु टोली मोरङ ११ उपविजेता भएको थियो। त्यसवेला भारतको कलकत्ताले गोल्डकपको उपाधि जितेको थियो। ०१९ मा मोरङ-११ ले उपाधि हात पारेको थियो। सातौं संस्करणमा विराटनगर सिटीले पाहुना टोली भारत, केरलाको लुका सकर क्लबलाई पराजित गर्दै उपाधि हात पारेको थियो।

सिजनमा तेस्रो गोल्डकप जित्ने लक्ष्य हो

सन्तोष न्यौपाने, प्रशिक्षक, मच्छिन्द्र

हामीले यस सिजनमा तेस्रो गोल्डकपको उपाधि जित्ने लक्ष्य राखेका छौं। हामीले केपी ओली कप र बागमती गोल्डकप जितेका छौं। यहाँ सुरुमा दुई लक्ष्य लिएर आएका थियौं। एउटा उपाधि र अर्को फाइनल पुग्ने। फाइनल पुग्ने सपना पूरा भयो। अब आज उपाधिसहित घर फर्कने लक्ष्य पनि पूरा गर्छौं।

घरेलु मैदान र दर्शकको साथ छ

रानु रानामगर, प्रशिक्षक, मोरङ

मच्छिन्द्र राम्रो टोली हो। साथै, यहाँ अनुभवी खेलाडी छन्। हामी उनीहरूविरुद्ध टेक्निकल खेल प्रदर्शन गर्नेछौं। उपाधि भिडन्तमा केही फरक हुनेछैन। अघिल्लो खेल जस्तो थियो, आज पनि यस्तै हुनेछ। अझ हामीलाई घरेलु मैदान र समर्थकको साथ छ। खेलाडीबीचको तालमेल राम्रो छ।

जग्गा बिक्रीमा
काठमाडौं फर्पिङ डोल्लु दक्षिणकाली मेन हाइवेमा ११ रोपनी जग्गा (रु. ८,५०,००० प्रति आना) बिक्रीमा रहेको छ। टुक्रा जग्गाहरू पनि बिक्रीमा रहेका छन्।
सम्पर्क : ९८६९६६४८८५

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं
- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com